जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ३०० • २०८१ साल चैत १५ गते शुक्रबार (28 March, Friday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## गणतन्त्रवादी र राजावादीको प्रदर्शन आज




**टुडे समाचारदाता**

जनकपुरधाम । गणतन्त्रको पक्ष र विपक्षमा काठमाण्डुमा एकैदिन प्रदर्शन हुँदैछ । काठमाण्डुमा शुक्रबार समाजवादी मोर्चामा आवद्ध नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी र विप्लव नेतृत्वको नेकपाले भृकुटीमण्डपमा प्रदर्शन गर्दैछन् भने राजावादीहरुले तीनकुनेमा प्रदर्शन गर्दैछन् ।

गणतन्त्रको पक्षमा प्रदर्शन तथा सभामा सहभागी हुनका लागि नेकपा माओवादी केन्द्रको अगुवाइमा करिब तीन हजार माओवादी समर्थक काठमाण्डु गएका छन् । जनकपुरधामबाट शुक्रबार बेलुका तर्फ विभिन्न चारपांग्रे सवारी साधन रिजर्भ गरी तीन हजारको हाराहारीमा काठमाण्डु गएको माओवादी केन्द्र धनुषाका कार्यालय सचिव श्रीनारायण झा प्रतिहस्तले जानकारी दिए ।

काठमाण्डु जानु अघि भएको बैठक अनुसार धनुषा जिल्लाको विभिन्न वडा, पालिकादेखि सदमुकामबाट समेत गणतन्त्रको पक्षमा हुने प्रदर्शन तथा सभामा सहभागी हुनका लागि सो तर्फ प्रस्थान गर्ने योजना अनुसार नै काठमाण्डु हिडेको उनले बताए ।

चैत १० मा गृह मन्त्रालयमा बसेको सुरक्षा समितिको बैठकमा चैत १५ मा हुने दुई वटा प्रदर्शनबारे छलफल भएको थियो ।

### भौतिक पूर्वाधार विकास मन्त्रालयमा कामुको बर्चस्व

# बयानपछि पूर्वाधार कार्यालयका प्रमुखहरु कागजात मिलाउन व्यस्त

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवले विकास निर्माणको योजनाहरु दलालमार्फत बिक्री गरेको आरोप लागेको बेला अख्तियार दुरुपयोग अनुसन्धान आयोग मधेश प्रदेश कार्यालय बर्दिवासले अनुसन्धान प्रक्रिया प्रारम्भ गरेसँगै पूर्वाधार विकास कार्यालयका प्रमुखहरुले कागजात मिलाउन व्यस्त भएका छन् ।

मन्त्री यादवले पूर्वाधार मन्त्रालयमा कार्यवाहक सचिव सञ्जय साहलाई जिम्मेवारी दिएर गैरकानुनी रुपमा योजनाहरुको पत्र नियन्त्रणमा लिएर दलालमार्फत बिक्री गरिरहेको आरोप लागेको छ ।

मन्त्री यादवले धनुषा र पर्सा जिल्लाको पूर्वाधार कार्यालयको प्रमुख पनि कार्यवाहक राखेका छन् । कार्यवाहक सचिव र कार्यालय प्रमुखमाथि मन्त्री यादवले अनुचित दबाब दिएर पूर्वाधार कार्यालय अन्तर्गतको योजनाहरु आफ्नो नियन्त्रणमा लिएर दलालमार्फत बिक्री गरिरहेको विपक्षीहरुले सशक्त रुपमा आरोप लगाएका छन् ।

विपक्षी दलका नेताहरुले उच्चस्तरीय छानबिन समितिको माग गर्दै प्रदेशसभा बैठक अवरुद्ध गरेपछि अनिश्चितकालका लागि प्रदेशसभा स्थगन गरिएको छ । प्रदेशसभा बैठक स्थगन भएसँगै मन्त्री यादवका दलालहरु योजना बिक्रीमा सकृय भएको बताइन्छ । योजनाको कुल बजेटको १० प्रतिशत रकम अग्रीम लिएर दलालहरुले बिक्री गरेको बताइन्छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि प्रदेशसभामा उठेको र विभिन्न माध्यमहरुबाट सार्वजनिक भएको योजना बिक्री सम्बन्धमा चासो व्यक्त गरेको छ । पूर्वाधार विकास कार्यालयका एकजना प्रमुखले नाम सार्वजनिक नगर्ने सर्तमा भने, 'रातो किताबमा रहेका सबै योजनाको उपभोक्ता समिति गठनका लागि वडा कार्यालयहरुको नाममा तयार गरिएको पत्र मन्त्रीजीले लिइसक्नु भएका छ ।'




अख्तियारमा पुगेका कर्मचारीहरुले पनि योजनाका लागि उपभोक्ता समिति गठन हुने कुनै पत्र पूर्वाधार कार्यालयबाट वितरण नभएको बताएको स्रोतले जनाएका छन् । स्रोतले भने, प्रारम्भमै अख्तियारले चासो देखाएको कारण अनियमितता धेरै हदसम्म कम हुन सक्छ ।

निमित्त सचिव साहले मन्त्रीको आदेश पालना नगरे हटाइ दिने धम्कीको कारण निरिह देखिएका छन् । पूर्वाधार कार्यालयका केही प्रमुखले कार्यादेश मन्त्रीलाई जिम्मा लगाउन तयार नदेखिएपछि सचिव साहले दबाब दिएर पत्र मगाएको स्रोतले जनाएका छन् ।

एउटा वडामा परेको योजनालाई मन्त्रीले अर्को वडामा बिना निर्णय नै उपभोक्ता समिति गठन गराएको बताइएको छ । महोत्तरी जिल्लाको सम्सी गाउँपालिकामा मन्त्री यादवको दवावमा अर्थ मन्त्रालयको स्वीकृति बेगर नै रातो किताबमा उल्लेख भएको वडाबाट अर्को वडामा उपभोक्ता समिति गठन गराएको स्रोतले जनाएका छन् ।

उपभोक्ता समिति गठनका लागि कार्यादेश मन्त्रीले आफ्नै जिम्मामा लिए पनि सबै भने बिक्री हुन नसकेको स्रोतहरुले जनाएका छन् । १० प्रतिशत दलाल र ५ प्रतिशत वडा कार्यालयमा अग्रीम रकम दाखिला गरेपछि मात्र उपभोक्ता समिति गठनको प्रक्रिया शुरु हुने गरेको एकजना ठेकदारले जनाएका छन् ।

मधेश प्रदेश सरकारका मुख्यमन्त्री सतीश कुमार सिंहको सचिवालयबाट समेत योजना बिक्री हुने गरेको आरोप छ । अख्तियार लगायतका निकायमा परेको उजुरीमा मुख्यमन्त्रीको सचिवालय, युवा, खेलकुद तथा समाजकल्याण मन्त्रालय लगायतले योजनाहरु दलालमार्फत बिक्री गरेको आरोप लगाइएको छ ।

सर्वोच्च अदालतले सांसदहरुका लागि छुट्याइने संसदीय कोषको बजेटमा रोक लगाए पनि मधेश प्रदेश सरकारले अघोषित रुपमा प्रत्यक्ष निर्वाचित सांसदलाई ५ करोड र समानुपातिक सांसदलाई डेड करोड बराबरको योजना वितरण गरेको छ ।

नेकपा माओवादीका नेता समेत रहेका पूर्व सिँचाई मन्त्री उमेश यादवले जनमत पार्टीका सभासदहरुले सप्तरी जिल्लामा योजना बिक्री गरिरहेको आरोप लगाएका छन् ।

विगतमा पनि योजना बिक्री हुने गरेको आरोप लाग्ने गरे पनि कागजातहरु सम्बन्धित कार्यालयबाट नै दिने गरिन्थ्यो । मन्त्री अथवा उनका विश्वासपात्रले सम्बन्धित व्यक्तिलाई पत्र दिन टेलिफोन मार्फत जानकारी गराइन्थ्यो । तर चालु आर्थिक वर्षमा मन्त्री स्वयंले नै सबै योजनाको उपभोक्ता समिति गठन गर्ने पत्र आफ्नो नियन्त्रणमा लिएर दलाल मार्फत बिक्री गरिरहेका छन् ।

संघीयता विरोधी शक्तिहरुले प्रदेश राज्यमाथि अनावश्यक आर्थिक बोझ भएको बताउँदै त्यसलाई खारेज गर्नुपर्ने माग गरिरहेको बेला चरम भ्रष्टाचार गरी प्रदेश सरकारले नै त्यसलाई बल पुऱ्याइरहेको प्रदेशसभाका विपक्षी सभासदहरुले बताएका छन् । प्रदेश सरकारले जनमुखी काम गरेर प्रदेश सरकारको औचित्य पुष्टि गर्नुपर्नेमा भ्रष्टाचार गरी प्रणालीलाई नै बदनाम गरिरहेको उनीहरुले आरोप लगाएका छन् ।






# मोटरसाइकल दुर्घटनामा एकजनाको मृत्यु

**टुडे समाचारदाता**

जलेश्वर।महोत्तरीमाएकजनाको मोटरसाइकल दुर्घटनामा परी मृत्यु भएको छ।



कलभर्ट बनाउन खनेको खाल्डोमा परेर मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको महोत्तरी प्रहरीले जनाएको । दुर्घटनामा परेर सोनमा गाँउपालिका- ६ स्थित मगरथानाका ५५ वर्षीया मोटरसाइकल चालक किसुनदेव यादवको मुत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएअनुसार बीआर ३० एसी २३६४ नं को मोटरसाइकल चढेर मगरथानाबाटा बुधबार राती १० बजेतिर सोही गाउपालिकाको कतरवा टोलतर्फ जाँदै गरेका यादव मोटरसाइकलसहित करिव ७ फिट गहिरो खाल्डोमा खस्दा घटनास्थलमै मृत्यु भएको छ।

सोही वडाको मंगलनाथ मन्दिर नजिक कलभर्ट निर्माणका लागि २ साताअघि बीच सडकमा गहिरो खाल्डो खने पनि ठेकेदारले समयमै निर्माण नगर्दा दुर्घटना भएको स्थानीयवासीले आरोप लगाएको छ ।

महोत्तरी प्रहरीले मोटरसाइकल नियन्त्रणमा लिनुका साथै शवलाई पोष्टमार्टमका लागि प्रादेशिक असपताल जलेश्वर पुऱ्याइएको महोत्तरी प्रहरीका डिएसपी तथा सूचना अधिकारी सन्तुलाल प्रसाद जयसवारले जानकारी दिए।

प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको जनाइएको छ।

# आगलागी हुँदा लाखौँको क्षति

**टुडे समाचारदाता**

राजविराज। सप्तरीको सप्तकोशी नगरपालिका वडा नम्बर ५ स्थित गंगाजलीमा आगलागी हुँदा १५ लाख बराबरको क्षति भएको छ।

गंगाजलीमा बिहीबार विहान ३ बजे स्थानीय सोमप्रसाद आचार्यको गाई गोठमा बालेको घुरबाट आगलागी हुँदा जस्ता र काठले बनेको एकतले गाई गोठ र गोठमा भएको भैंसीको पाडा तथा दुई वटा बाख्रा जलेर नष्ट भएको जनाइएको छ । गोठसँगै रहेको घरमा समेत आंशिक क्षति भएपछि १५ लाख बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरी प्रवक्तासमेत रहेका डिएसपी जितेन्द्र बस्नेतले जानकारी दिए।

आगो निभाउने क्रममा आचार्यको हात, खुट्टा र शरीर आगोले पोली सामान्य घाइते भएको सप्तरी प्रहरीले जनाएको छ । आगलागी नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीयको सहयोगमा नियन्त्रणमा लिएको प्रवक्ता बस्नेतले जानकारी दिए।

# अनुशासनले हाम्रो सफलतालाई दीर्घायु बनाउँछ : अभिनेता आचार्य

काठमाण्डु । कलाकार हरिवंश आचार्यको पहिचान नै हास्य व्यङ्ग्यात्मक प्रहसन र प्रस्तुती रहेको छ । तर, विसं २०७९ मा प्रदर्शन भएको चलचित्र 'महापुरुष'मार्फत राष्ट्रिय चलचित्र पुरस्कारमा उत्कृष्ट अभिनेता घोषणा भएपछि उहाँले आफूलाई नियमितभन्दा फरक भूमिकामा पनि प्रस्तुत गर्दै आउनुभएको छ।

अहिले ६७ वर्षको उमेरमा पनि उहाँ आफ्नो पेशा र कामप्रति युवावस्थामा जस्तै समर्पित र गम्भीर देखिनुहुन्छ। युवा कलाकारजस्तै सक्रिय भई मेहनतका साथ कर्म गर्नुहुन्छ। यसै सन्दर्भमा आयोजित एक कार्यक्रममा वरिष्ठ अभिनेता आचार्यले अनुशासनले सफलतालाई दीर्घायु बनाउने भएकाले आत्मअनुशासनमा जोड दिई लगनशील भई काम गर्नुपर्ने बताउनुभयो।



उहाँले भन्नुभयो, "चलचित्रमा अभिनय गर्दा होस् वा प्रहसन गर्दा अहिले पनि मेरो मुटू ढुकढुक हुन्छ, मनमा डर उत्पन्न हुन्छ। त्यो डर भनेको मेरा लागि अनुशासन हो। त्यसले मलाई मेहनत गर्न प्रेरित गर्छ, त्यही कारण मेरो कलाकारिताको यात्रा यहाँसम्म आइपुगेको हो, जस्तो लाग्छ।"

नकारात्मक सोचबाट मुक्त भई स्वस्फूर्त रूपमा लगनशील भई काममा समर्पित हुन सुझाव दिँदै हाँस्य अभिनेता आचार्यले समर्पणभावले आफू सम्बद्ध पेशा, व्यवसायमा होमिए सफल होइने दृष्टान्त पेश गर्नुभयो। 'मह'जोडीका रूपमा स्थापित वरिष्ठ कलाकार 'द्वय'लाई समर्पण र निष्ठाको उपजका रूपमा लिने गरेको पाइन्छ। उहाँसँगै 'मह' जोडीका 'म' अर्थात् मदनकृष्ण श्रेष्ठ कलाकारितासँगै सामाजिक रूपमा समेत उच्च स्थान बनाउन सफल हुनुभएको छ।

रङ्गमञ्चमार्फत आफ्नो कलाकारिता सुरू गर्नुभएका अभिनेता आचार्य लामो समयदेखि नाटकमा भूमिका निर्वाह नगरेको बताउनुहुन्छ। यद्यपि मञ्चमा गरिने प्रहसन र नाटकउस्तै भएको अभिनेता आचार्य बताउनुहुन्छ।

"नाटक र प्रहसनउस्तै हो, खासै अन्तर छैन । किनकि दुवैमा दर्शकको अगाडि मञ्चमा कलाकारले आफूलाई प्रस्तुत गर्छन्, मैले यसै वर्ष पनि केही प्रहसन गरेँ। त्यसकारण म आफूलाई नाटकबाट टाढा रहेको जस्तो लाग्दैन", उहाँले भन्नुभयो।

उहाँले कला क्षेत्रका लागि रङ्गमञ्च आमाको काँख झैँ भएकाले यहाँ सिकिने कलाकारिता दीगो हुने अनुभव सुनाउनुभयो। राष्ट्रिय नाँचघरमा 'गुरू हरिप्रसाद रिमाल'सँग नाटक तथा कलाकारले बोल्ने संवादको शैली सिकेको स्मरण गर्दै वरिष्ठ अभिनेता आचार्यले अभिनयमा रुचि राख्नेले आफूलाई रङ्गमञ्चमा प्रस्तुत गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

"मैले आदरणीय गुरू रिमालसँग आँखाले अभिनय गर्छ भन्ने सिकें, त्यहाँ मैले मदन दाईसँग गरेको नाटक विज्ञापनलाई नेपालसँगै विदेशमा समेत प्रस्तुत गरेँ । हामीले त्यो नेपालमा मात्र ४०० को हाराहारीमा मञ्चन गरेका थियौँ। हाम्रो अभिनयको सुरुआत नै रङ्गमञ्चबाट भएको हो", उहाँले भन्नुभयो।

हाँस्य कलाकार आचार्यले अभिनय गर्नुभएको पहिलो चलचित्र 'कुमारी' हो। उक्त चलचित्रमा कलाकार चाहिएको सूचना गोरखापत्र दैनिकमा देख्नुभएपछि अभिनेता आचार्यले आफू अभिनय गर्न इच्छुक रहेको भनी निवेदन दिनुभएको रहेछ। उक्त चलचित्रका निर्देशकको अगाडि एउटा चलचित्रको दृश्यलाई राम्रोसँग प्रस्तुत गरेपनि आफू उक्त भूमिकाका लागि छनोट नभएको अभिनेता आचार्यले बताउनुभयो।

"मैले राम्रो 'अडिसन' दिए पनि मेरो उमेरका कारण ट्रक चालकसँग सहचालकको भूमिका गर्न पाइन् । उक्त भूमिका गर्दा बालश्रमका समस्या देखिने भएपछि मैले एउटा सानो भूमिका गरेँ । त्यसपछि 'सिन्दुर'मा एक ज्योतिषको भूमिका निर्वाह गरेँ", उहाँले भन्नुभयो।

स-साना भूमिकामा देखिएता पनि उहाँले 'जीवनरेखा' र 'बासुदेव' पछि राम्रो र बढी समय पर्दामा देखिने अवसर प्राप्त गर्नुभयो । त्यसपछि अभिनयमा सक्रिय रहनुभएका अभिनेता आचार्य अहिले पनि उस्तै रूपमा निरन्तर क्रियाशील हुनुहुन्छ। आफैँ लेखक र निर्देशकसमेत रहनुभएका अभिनेता आचार्य अरूका चलचित्रमा पनि कलाकारका काम गर्न रुचाउनु हुन्छ।

"अन्य कलाकर्मीका चलचित्र तथा प्रहसनमा कलाकार भएर काम गर्न पाउँदा मलाई सहज महसुस हुन्छ, आफैँले लेखन वा निर्देशन गरेको पात्रलाई निर्वाह गर्दा अलि बढी मेहनत गर्नुपर्छ", उहाँले भन्नुभयो ।उहाँले अभिनय गर्नुभएको चलचित्र 'भूठान' र 'हरिबहादुरको जुत्ता' आउँदो वर्ष विसं २०८२ मा प्रदर्शन हुनेछ।रासस

# 'दलहरुले जनतालाई दिएको आश्वसन पूरा गर्नुपर्छ': सांसद गुरुङ

काठमाण्डु। प्रतिनिधिसभाको सांसद भएको दुई वर्षभयो । मेरो अनुभवमा प्रतिनिधिसभा सरकार बनाउने र ढाल्ने थलो मात्रै बनेको छ। संसद् राजनीतिक दलको आरोप-प्रत्योरोप गर्ने थलो जस्तै बनेको छ। राजनीतिक खिचातानी गर्ने थलो बनेको छ। एउटा पार्टीले अर्को पार्टीको कमजोरी खोतल्ने मात्रै काम भएको छ। संसद्मा जनताका सवाल अत्यन्त कम उठ्ने गरेका छन्। ती उठेका सवाल पनि सरकारले कार्यान्वयन गरेको देखिँदैन । संविधानअनुसार जुन गतिमा कानुन बन्नुपर्ने हो, त्यो गतिमा बन्न सकेको छैन। हाम्रा नेतालाई देश र जनताको भन्दा पनि आफू कसरी सत्तामा पुग्ने भन्ने थलो बनेको छ संसद्। जनताको शिक्षा, स्वास्थ्य रोजगारीको समस्या समाधान गर्नेतर्फ दलको ध्यान नै गएको छैन । खाली एकले अर्कालाई गाली गरेर समय खेर फाल्ने काम भएको छ । प्रतिनिधिसभा भनेको जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने संस्था हो । शासन प्रणालीमा नीति निर्धारण तथा कानुन निर्माण गर्ने महत्वपूर्ण थलो हो यो। हामी सांसद संविधानअनुसार जनताद्वारा प्रत्यक्ष रूपमा निर्वाचित भएर आएका हौँ। तर हामी जनताप्रति उत्तरदायि हुन सकेका छैनौँ जस्तो लाग्छ।



संविधान संशोधनको विषयलाई धर्मसँग लगेर जोड्न हुँदैन । धर्मलाई स्वतन्त्र छोडिदिनुपर्छ । अहिलेको निर्वाचन प्रणालीबाट कुनैपनि राजनीतिक पार्टीको बहुमत आउँदैन । अर्को, अहिलेको निर्वाचन प्रणाली अत्यन्त महङ्गो र खर्चिलो छ। सामान्य मानिसले निर्वाचन लड्न सक्ने हैसियत राख्दैन । त्यसैले हाम्रो निर्वाचन प्रणालीलाई अलि सरल र सहज बनाउन जरुरी छ । सङ्घीयताको सवालमा पनि संविधान संशोधन गर्नुपर्ने देखिन्छ। प्रदेश सरकार अलिक ठूलो भयो कि भन्ने कुरा उठिरेहको छन्। करिब तीन करोड जनसङ्ख्या भएको देशमा यति ठूलो आकारको प्रदेश सरकार थेग्न गाह्रो हुने जस्तो देखिन्छ। त्यो बारेमा अब दलहरुले सोच्नुपर्ने देखिन्छ। आर्थिक भार कम गर्नेगरी प्रदेशलाई गाम्भुपर्छ । सुशासनका विषयमा विभिन्न टीकाटिप्पणी भइरहेकाले त्यसतर्फ गम्भीर भई आवश्यक कदम चाल्नुपर्ने देखिन्छ । आर्थिक समृद्धि तथा रोगगारीका हिसावले जलस्रोत र पर्यटन क्षेत्रतर्फ राज्यको ध्यान जानुपर्ने देखिन्छ। हामीले हाम्रो देशको स्रोत/साधनलाई चिन्न सकिरहेका छैनौँ जस्तो लाग्छ। स्वदेशी उत्पादनलाई बढवा दिँदै विदेशी आयातलाई रोक्नुपर्छ।

देशको अहिलेको समस्या भनेको रोजगारी हो । युवाहरु रोजगारीको लागि विदेश जाने क्रम बढ्दो छ । अर्कोतर्फ देशभित्रै रहेका युवाले पनि भरपर्दो रोजगारी पाउन सकेका छैनन् । सरकारले जनताको अवस्था फेर्नका लागि राजगारीको सिर्जना गर्नुपर्छ । अहिले देशमा भएका कलकारखाना र उद्योग सबै बन्द भएका छन्। भएका उद्योग पनि धरासाही अवस्थामा छन् । सरकारले रोजगारी सिर्जना गर्नका लागि लगानी बढाउनुपर्छ । पर्यटन व्यवसायबाट पनि हामीले रोजगारी सिर्जना गर्न सक्छौँ। त्यतातिर सरकारको ध्यान जान सकेको छैन । पर्यटन प्रवर्द्धनका लागि यातायातको सुविधा हुन आवश्यक छ। सरकारले लगानी गर्न सक्दैन वा लगानीका लागि स्वदेशी लगानीकर्ता उत्सुक छैनन् भने विदेशी लगानीका लागि आवश्यक वातावरण तयार गरिदिनुपर्दछ । विदेशी लगानीकर्तालाई आकर्षित गर्न खुल्ला नीति तय गरिदिनुपर्दछ । अरु देशसँग किन अनुदान माग्ने ? किन ऋण लिने ? व्यापारको लागि खुल्ला नीति अपनाउनेबारे सरकारले सोच्नुपर्छ । अब विदेशी अनुदानको मात्रै भर परेर हुँदैन । आफूले पनि आम्दानीको स्रोत खोज्नुपर्छ। दलका नेताले राष्ट्रवादी कुरा गरेर मात्रै हुँदैन। अहिले पनि हाम्रा नेपालीहरू ४४ डिग्री तापक्रममा विदेशमा काम गर्न बाध्य छन्।

दलहरु सबैको फरकफरक विचार हुनु स्वभाविकै हो। तर देश विकासको सवालमा सबै राजनीतिक दल एकै ठाउँमा उभिनुपर्छ। अस्थिर सरकारले विकासलाई गति दिन सक्दैन। स्थिर सरकारका लागि सबै दल मिल्नुपर्छ । चुनावमा दलको आ-आफ्नै एजेण्डा हुन्छन् । तर निर्वाचनपछि देशको अवस्था परिवर्तन गर्ने सवालमा सबै दल एकै ठाउँमा उभिनुपर्ने हो । अहिलेको हाम्रो आवश्यकता भनेको जनताको अवस्था परिवर्तन गर्ने हो । दलहरु आपसमा झगडा गरेर देशको विकास हुँदैन। दलको एउटै उद्देश्य देश विकास गर्ने हुनुपर्छ । सरकारमा नरहेको प्रतिपक्ष दलले पनि सरकारले गरेका राम्रा कामको समर्थन र सम्मान गर्नुपर्दछ । अहिलेको मुलुकको राजतीतिक घटनाक्रमलाई हेर्दा दलहरु मिल्नुको विकल्प छैन। राजनीतिक पार्टीले निर्वाचनमा जनतालाई दिएको बचन विर्सनु भएन । सबै दलले जनतालाई दिएको आश्वसन पूरा गर्ने हो भने देश स्वतःअघि बढ्छ, तर त्यस्तो देखिएको छैन । प्रत्येक चुनावमा जनतालाई ढाट्दै गएपछि जनतामा निरासा पैंदा हुन्छ । दलहरुप्रतिको विश्वास गुम्दै जान्छ। सरकारमा रहुञ्जेल मिल्ने, सरकार बाहिर आएपछि त्यही दललाई गाली गरेर मात्र हुँदैन । अहिले त्यही प्रवृति देखापरेको छ । यो हुनु हुँदैन। देश विकासमा लाग्नेभन्दा नेता आपसमा लडेका छन् भन्ने अनुभूति जनतामा पर्न दिन हुँदैन। अहिले देश जुन अवस्थामा छ, त्यो हामी नेताहरुले नै बनाएका हौँ । कोही, कसैलाई दोस दिएर उम्किने स्थिति छैन । विद्यमान शासन व्यवस्था हामीले नै ल्याएको हौँ र अहिलेको अवस्था सिर्जना हुनुमा हामी नै जिम्मेवार छौँ।

म मनाङबाट निर्वाचित सांसद हुँ । त्यसैले मनाङका जनताप्रति म उत्तरदायी हुनै पर्छ। मनाङ जिल्लो भनेको पर्यटन व्यवसायका लागि अत्यधिक सम्भावना भएको जिल्ला हो । पर्यटकीय क्षेत्रको विकास एवं विस्तार गर्दै जिल्लामा बढीभन्दा बढी पर्यटक भित्र्याउन आवश्यक वातावरण तयार गर्ने काम मेरो हो। अहिले म त्यसैतर्फ सक्रिय छु। मनाङ जिल्लाको बाटोघाटो निर्माणलाई सहज बनाउनका लागि पहल गर्ने मेरो अबको योजना छ। जिल्लावासीको समस्या सुन्ने र त्यहीअनुसार समाधानको बाटो खोज्नेतर्फ मेरो भूमिका हुन्छ । त्यस क्षेत्रका जनताको आवाजलाई संसद्मार्फत सरकारसम्म पुऱ्याउँदै आएको छु। आगामी दिनमा पनि जनताको आवाजलाई अझै प्रभावकारी ढङ्गबाट सरकारसँग पुऱ्याउने काम गर्नेछु । जनप्रतिनिधिका हैसियतले कानुन निर्माणमा पनि मेरो सक्रिय भूमिका हुने नै भयो । विशेषगरी निर्वाचनको समयमा मनाङका जनतासामु आफूले गरेको प्रतिबद्धता पूरा गर्नेतर्फ दत्तचित्त भएर लाग्छु । मनाङमा फलफूल र जडीबुटी प्रशस्त उत्पादन हुन्छ। तर, सस्तो र भरपर्दो यातायातको व्यवस्था नहुँदा जिल्लामा उत्पादित फलफूल र जडीबुटी बजारसम्म पुऱ्याउन समस्या छ र खर्चिलो पनि। त्यसैले बाटो निर्माणका लागि पनि सक्दो पहल गरिरहेको छु।रासस

# नेपालको जलविद्युतमा लगानी गर्न भारतीय ठूला कम्पनी तयार

काठमाण्डु । लगानी र प्रतिफल सुनिश्चित भएमा भारतीय व्यापारिक घरानाले नेपालको ऊर्जा क्षेत्रमा लगानी गर्न आफूहरु तयार रहेको बताएका छन्।



भारतस्थित नेपालको राजदूतावास र भारतीय हरित ऊर्जा महासङ्घको संयुक्त आयोजना तथा स्वतन्त्र ऊर्जा उत्पादकको संस्था, नेपाल (इप्पान)को संस्थागत सहभागितामा नयाँ दिल्लीमा आयोजित 'नेपाल-भारत इनर्जी समिट'मा सहभागी भारतका व्यावसायिक घरानाले, नेपालमा भारतीय लगानीको नीतिगत सुरक्षा हुनुपर्नेमा जोड दिए । उनीहरुले लगानी गरेपछि प्रतिफलको सुनिश्चितता, सहज रूपमा लगानी फिर्ता लिन पाउनुपर्नेलगायत जलविद्युत् आयोजनाले सामना गर्नुपरेका समस्या समाधानमा सरकारले सहजीकरण गर्नुपर्ने बताएका हुन्।

नेपालमा ९०० मेगावाटको अरुण तेस्रो जलविद्युत् आयोजना निर्माण गरिरहेको भारतीय कम्पनी सतलज जलविद्युत् निगम (एसजेभीएन)का आयोजना निर्देशक सुशील शर्माले नेपालमा काम गर्न वन, जग्गा प्राप्ति, भन्सार र सडकको समस्या रहेकाले ती समस्या समाधानमा सरकारले सहजीकरण गरिरहेको उल्लेख गर्नुभयो।

एसजेभीएनले २१७ किलोमिटर लामो प्रसारणलाइन निर्माण गरिरहेको र सरकारको सहयोग रहेकाले ९०० मेगावाटको आयोजना तीन वर्षमै ८४ प्रतिशत सम्पन्न भएको उहाँको भनाइ छ। अरुण-३ मा ३४ हजार करोड भारतीय रुपैयाँ लगानी गरेर २५ वर्षपछि सरकारलाई हस्तान्तरण गरिने भएकाले यसले नेपालको अर्थतन्त्रमा ठूलो सहयोग पुग्ने उहाँको दाबी थियो। यो आयोजनाले भारतीय लगानीकर्तालाई नेपालमा आकर्षित गर्ने शर्माले बताउनुभयो।

अडानी ग्रूपका उपाध्यक्ष जयरमन पुनिधानले नेपालको जलविद्युत् क्षेत्रमा लगानी गर्न कम्पनीले राम्रा आयोजनाको खोजी गरिरहेको बताउनुभयो । विश्वभर २७ हजार ३०० मेगावाट विद्युत् उत्पादनका लागि अडानी ग्रुपले 'एमओयू' गरेको जानकारी दिँदै उहाँले अडानीको प्राथमिकतामा छिमेकी मुलुक र क्षेत्रीय ऊर्जा बजार रहेको उल्लेख गर्नुभयो।

भारतीय ऊर्जा मन्त्रालयका अतिरिक्त सचिव आकाश त्रिपाठीले नेपाल र भारतबीच एक हजार मेगावाट विद्युत् आदानप्रदानको संरचना तयार भइसकेको र आठ हजार मेगावाट विद्युत् आदानप्रदान गर्ने क्षमताका चारवटा प्रसारणलाइन निर्माणाधीन भएकाले नेपालमा उत्पादित विद्युत् भारत निर्यातका लागि समस्या नहुने बताउनुभयो । उत्तर भारत हाइड्रोपावर कम्पनीका कार्यकारी निर्देशक नरेश गोयलले नेपाल सरकारले प्रशासनिक अवरोध हटाएर लगानीको वातावरण बनाइदिएमा भारतीय लगानीकर्ता नेपालमा लगानी गर्न तयार रहेको बताउनुभयो।

भारतका लागि नेपाली राजदूत डा शंकर शर्माले नेपाल सरकारले अघि सारेको सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादनको लक्ष्य प्राप्तिका लागि दूतावासले सम्मेलन आयोजनागरेकोबताउनुभयो।उहाँले भारतीय लगानीकर्ताले नेपालमा आयोजनाको स्वामित्व किनेर वा 'जोइन्ट भेन्चर'मा पनि काम गर्न सक्ने जानकारी दिनुभयो ।रासस

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ। |
| वृष : | आम्दानी सामान्य भए पनि ठुलो खाँचो टर्नेछ। |
| मिथुन : | नयाँ व्यवसाय शुरु गर्ने मौका छ। |
| कर्कट : | प्रयत्न गर्दा भाग्यले साथ दिनेछ। |
| सिंह : | रमाइलो यात्राको अवसर जुट्न सक्छ। |
| कन्या : | सुरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ। |
| तुला : | प्रशंसकहरु बढ्नेछन् र मानसम्मान समेत पाइनेछ। |
| वृश्चिक : | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउने समय छ। |
| धनु : | विगतका कमजोरी सच्याउने मौका मिल्नेछ। |
| मकर : | काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ। |
| कुम्भः | सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ। |
| मीन : | अध्ययन अध्यापनमा प्रगति हुनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



बाराको गढीमाई साझेदारी वनभित्रको मिचाहा प्रजातिको माइकेनिया झारलाई बाहिर निकालेर जलाउँदै । तस्बिरः /रासस

# राजस्व चुहावट गरेका दुई कम्पनीविरुद्ध मुद्दा दायर

वीरगञ्ज । पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयले रु पाँच करोड सात लाख ९४ हजार ९८२ राजस्व चुहावटको माग दाबीसहित यहाँका दुई कम्पनीविरुद्ध मुद्दा दायर गरेको छ।




राजस्व अनुसन्धान कार्यालयका प्रमुख अनुसन्धान अधिकृत हरिप्रसाद शर्माका अनुसार बुधबार अमायरा वस्त्रालयका सञ्चालक चन्दन गुप्ता र शिवशान्ति कन्स्ट्रक्सनका सञ्चालक सञ्जयकुमार कुर्मीको कम्पनीले राजस्व चुहावटको कसुर गरेको मागदावीसहित उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगञ्जमा अभियोगपत्र दायर गरेको हो।

अमायरा वस्त्रालयका सञ्चालक जितपुर सिमरा उपमहानगर-७ का चन्दन गुप्ताले विजक नै जारी नगरी गलत विवरण बुझाई कपडाको कारोबार गरी राजस्व चुहावटको कसुर गरेको हुँदा कपडाको आयकरतर्फ रु एक करोड ६५ लाख ६० हजार पाँच सय ९३ र मूल्यअभिवृद्धि करतर्फ रु ५८ लाख ३७ हजार छ सय ८३ गरी कूल रु दुई करोड २३ लाख ९८ हजार दुई सय ७६ बिगो कायम गरिएको उहाँले जानकारी दिनुभयो।

उक्त कार्यालयले सञ्चालक गुप्तालाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ (१) बमोजिम बिगो असुलउपर गरी बिगोको शतप्रतिशत जरिवाना गरी हुन आउने रु चार करोड ४७ लाख ९६ हजार पाँच सय ५३ र कैद सजाय हुन मागदाबी लिई अभियोगपत्र दर्ता गरेको हो । यसैगरी वीरगञ्ज महानगर-१६ का सञ्जयकुमार कुर्मीले शिव शन्ति कन्स्ट्रक्सनले दोहोरो रसिदमार्फत कारोबार गरेर राजस्व चुहावट गरेको कसुरमा बिगोतर्फ रु १९ लाख ६० हजार १५१ र मूल्यअभिवृद्धिकरतर्फ बिगो रु १० लाख ३९ हजार ६३ गरी २९ लाख ९९ हजार २१४ को शतप्रतिशत जरिवाना गरी रु ५९ लाख ९८ हजार चार सय २८ र कैद सजाय हुन मागदाबी लिई अभियोगपत्र दर्ता गरेको छ।

अस्थायी इजलासमा हालसम्म राजस्व चुहावटसम्बन्धी ११ वटा र विदेशी विनियम अपचलनसम्बन्धी आठ वटा मुद्दा दर्ता भएका छन् ।रासस

# सडक विस्तारको विरोधमा मुख्य व्यापारिक क्षेत्र बन्द



वीरगञ्ज । वीरगञ्ज बचाउ सङ्घर्ष समितिले वीरगञ्जको गण्डक चोकदेखि मितेरीपुलसम्मको सडक विस्तारको विरोधमा मुख्य सडक (मेनरोड) खण्डका व्यापारिक पसल बन्द गराएका छन् ।

सर्वोच्च अदालतले सडक विस्तार विरुद्धको रिट खारेज गरेसँगै सडक डिभिजन हेटौँडाले सो खण्डमा पर्ने सडकको सीमाङ्कन गर्न यही चैत ८ गते पत्राचार गरेको थियो । सो पत्राचारसँगै यहाँका स्थानीयवासी आन्दोलित भएका हुन् ।

समितिका अनुसार वीरगञ्जका मुख्य व्यापारिक क्षेत्रका बजार दिउँसो १२ बजेसम्म बन्द गरिने जनाइएको छ ।

वीरगञ्ज बचाउ सङ्घर्ष समितिका संयोजक तथा वीरगञ्ज महानगर-९ का वडाध्यक्ष जवाहरप्रसाद गुप्ताले सर्वोच्च अदालतको पूर्णपाठ नआउँदै डिभिजन सडक हेटौँडाले सडकको सीमाङ्कनका लागि पत्राचार गरेकोले आन्दोलन अघि बढाएको जानकारी दिनुभयो । "फैसलाको पूर्णपाठ नआउँदै सीमाङ्कनको लागि पत्राचार गरेपछि बाध्य भएर आन्दोलनमा उत्रिनुपरेको हो," उहाँले भन्नुभयो, "ऐतिहासिक वीरगञ्जको व्यापारीक क्षेत्रलाई नामेट पार्न खोजिएकाले यहाँका घरधनी तथा व्यापारी एक जुट भएर आन्दोलनका कार्यक्रम अघि बढाइएको हो ।"

उहाँले सडक विस्तार गरिएमा गण्डक पुलदेखि मितेरीपुलसम्म करिव एक हजार एक सयभन्दा धेरै घरधनीको उठिबास हुने बताउनुभयो । "यो सडक विस्तार भएको खण्डमा एक हजार एक सय घरमध्ये पाँच सय घरधुरीको त एक हात पनि जग्गा नरहने अवस्था सिर्जना हुन्छ," उहाँले भन्नुभयो, "जनतालाई सकुम्बासी बनाएर गरिने विकासको काम छैन ।"

वीरगञ्ज महानगर-६ का महेशराम चौरसियाले सडक विस्तारले आफ्नो चार धुरको घरसहित जग्गा एक हात पनि नरहने गुनासो गर्नुभयो । "पहिलाको सडक विस्तारले साढे दुई धुर जग्गा गइसकेको छ," उहाँले भन्नुभयो, "अब फेरि २५-२५ मिटर सडक विस्तार गर्दा त एक हात पनि बाँकी रहँदैन ।" वीरगञ्जको महावीर मन्दिरसँगै घर रहेका सञ्जीव शर्मा सडक विस्तार भएमा आफ्नो पाँच जनाको परिवार बिचल्ली हुने बताउनुहुन्छ । वडाध्यक्ष गुप्ताले आजै आर्दशनगरबाट विरोध प्रर्दशनीसहित जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाउने कार्यक्रम तय गरिएको जानकारी दिनुभयो ।

सडक डिभिजन हेटौँडाका डिभिजन प्रमुख गुरूप्रसाद अधिकारीले सर्वोच्च अदालतको पूर्णपाठ आउनु अगावै त्रिभुवन राजपथ अर्न्तगत पर्ने गण्डकचोक-पावरहाउस-घण्टाघर-बिर्ता-रजतजयन्तीचोक-मितेरी पुलसम्मको सडक सीमा २५/२५ मिटरको क्षेत्र सीमाङ्कन गर्न पत्राचार गरेको बताउनुभयो ।

गत फागुन २८ गते सर्वोच्च अदालतले वीरगञ्जको मुख्यसडक विस्तार विरुद्ध रिट खारेजी गरिदिएको थियो । सर्वोच्च अदालतका न्यायाधीश विनोद शर्मा र महेश शर्मा पौडेलको संयुक्त इजलासले फागुन २८ गते रिट निवेदकको पाँच वटै रिट खारेज गरेसँगै डिभिजन सडक कार्यालय हेटौँडालाई वीरगञ्जको उक्त सडकखण्डको सडक दायाँबायाँ २५-२५ मिटर चौडा गर्ने बाटो खुलेको हो ।रासस

# गर्मीसँगै उखु जुस व्यापारीको आम्दानी बढ्दै

महोत्तरी । तराई मधेसमा बिस्तारै गर्मी बढ्दै गएको छ । मौसम परिवर्तन, जलवायु परिवर्तनको असरका कारण अघिल्ला वर्षभन्दा पछिल्ला वर्षहरू निरन्तर ताता हुँदैछन् । यस वर्ष त झन् सुक्खा हिउँदको असरस्वरुप गर्मी बढ्ने भन्दै आमनागरिक चिन्तित छन् तर यहाँका उखुको जुस व्यापारी भने उत्साहित हुँदै महोत्तरीका बजार क्षेत्रका चोकचोकमा देखिन थालिसकेका छन् ।

गौशाला-५ का मोहम्मद साबिर चैत लागेसँगै दैनिकजसो करिब एक क्विन्टल उखु पेलेर जुस बेच्न थालेको र गर्मी बढ्दै जाँदा व्यापार पनि थपिँदै गएको बताउनुहुन्छ । "अहिले राम्रो बिक्री छ, कुनैकुनै बेला त ग्राहकको भीड नै लाग्छ", बर्दिबासचोक र आसपास ठेलामा घुमन्ते व्यापार गर्दै आएका उहाँले भन्नुभयो, "मध्याह्नपछि जुस खोज्ने बढी हुन्छन् । चैत लागेयता दैनिक करिब एक क्विन्टल उखु पेलेर बेच्ने गरेको छु ।"

धेरै जाँगर र आँट चल्ने युवा उमेर विदेशमा बिताएका ४० वर्षीय साबिरले उखुको जुस बेच्न थाल्नुभएको एक वर्षमात्र भयो । यसै अवधिमा जहान परिवार, चार छोराछोरीको शिक्षादीक्षासहित विदेश जाँदा लागेको रु तीन लाखभन्दा बढी ऋण तिरेको उहाँले सुनाउनुभयो ।

"गर्नेलाई त यही ठाउँ रहेछ नि ! के गर्नु पहिले विदेश गएर के के न गरौँला भन्ने लाग्यो, तीनपटक गरेर १२ वर्ष मलेसिया र कत्तारमा बिताइयो । ऋणको भारी बोकियो", साबिर भन्नुहुन्छ, "उता हण्डरठक्कर खाएपछि, ठगिएपछि बल्ल यहाँ केही गर्ने होस खुल्यो । अहिले यहाँको मेहनतबाट प्राप्त उपलब्धिले पहिले नै किन बुद्धि आएन छ भन्ने सोच्छु । राम्रै भइरहेको छ ।" उखुको जुसको व्यापारबाट महिनामा करिब रु ५० हजारसम्म कमाइ हुने गरेको उहाँको भनाइ छ ।



बर्दिबास चोकबजार क्षेत्रमा हाल साबिरजस्ता १५/१६ जनाले यस्तै व्यापर गर्न थालेका छन् । जसमा विदेश गएर फर्किएकाहरू नै बढी छन् । तीमध्येका एक हुनुहुहुन्छ धनुषाको मिथिला नगरपालिकाका पञ्चलाल साह । बर्दिबासचोकमा जुस बेच्ने गरेका उहाँले भन्नुभयो, "दलालको पछि लागेर विदेश गइयो, ऋणले थिच्यो, उता भनेको काम पाइएन । यहाँ फर्किएपछि यही काम गरिरहेको छु । अबभने आफ्नो ठाउँ छोडेर कतै जाने सोच छैन ।"

पछिल्ला दुई वर्षदेखि यही काम गरिरहेको बताउने साहले छ जनाको परिवारको लालनपालनसहित मासिक रु ३० हजारसम्म बचाइने गरेको बताउनुभयो । आफ्नो ठाउँमा सानो लगानीमा सुरु गर्न सकिने उद्यम छाडेर विदेश धाएको विगत सम्झेर अचेल पछुतो मात्रै लाग्ने गरेको उहाँको भनाइ छ । गर्मी बढेसँगै बर्दिबासमात्र नभएर जिल्लाका गौशाला, रामगोपालपुर, औरही र सदरमुकाम जलेश्वरमा पनि उखुको जुसको व्यापार फस्टाउँदो छ । यस्तो व्यापारमा लागेकाहरू आफ्नो गाउँठाउँभन्दा छिमेकका बजारमा रमाउने गरेका छन् । "छन् त हाम्रै ईश्वरपुर र लालबन्दीमा पनि जुसको राम्रो व्यापार छ तर आफूलाई चिनेको क्षेत्रमा भन्दा अलि पर काम गर्दा खुलेर गर्न पाइँदो रहेछ", सर्लाहीको ईश्वरपुर नगरपालिकाको श्रीनगरका २१ वर्षीय विक्कीकुमार साह भन्नुहुन्छ, "आफ्नो ठाउँमा सघाउनेभन्दा टिप्पणी गर्ने बढी हुन्छन्, त्यसैले घरबाट १५/१६ किलोमिटर यता बर्दिबास रोजेको हुँ ।" विदेश जान राहदानी ठिक्क पारिसकेका उहाँ कसैले ऋण नपत्याएपछि यस काममा लागेको र हाल यसैमा सन्तुष्ट रहेको सुनाउनुहुन्छ । "मलाई कसैले ऋण नपत्याएर ठिकै भएछ, पत्याएको भए त खै कुन देशमा कस्तो अवस्थामा हुन्थे ! अचेल आफ्नै देशमा रमाइरहेको छु । ऋणको भारले थिचिनु परेको छैन, आम्दानी पनि ठिकै छ", साहले खुसी व्यक्त गर्नुभयो ।

औरही बजारमा व्यापार गर्ने भङ्गाहा-३ का समिम कवारी पनि गर्मी बढेसँगै व्यापारसमेत बढ्ने भन्दै खुसी हुनुहुन्छ । "उखुको व्यापार राम्रै हुन्छ तर गर्मी बढेपछि झनै माग बढ्छ । गर्मी भोग्दा त समस्या नै हुन्छ तर व्यापार पनि हुने भएकाले हाम्रा लागि त यो अवसरका रूपमा आउँछ । यसबाट हुने कमाईसँगै परिवारसँग बसेर खुसी साट्न पाउँला निकै रमाइलो लाग्छ", उहाँले भन्नुभयो ।

ठेला र मोटर जडानमा रु दुई लाख जति लगानी गरेमा आफ्नै व्यापार गर्न पाइने भन्दै यसमा लागेका प्रायः सबैजसो व्यापारीहरू खुसी व्यक्त गर्छन् । त्यसैमा उधारोमा उखु किनेर जुसबाट भएको आम्दानीबाट त्यसको मूल्य चुक्ता गर्न पाइने हुँदा पनि यो व्यवसाय थप सहज हुने गरेको छ । यहाँ रु एक हजारमा प्रतिक्विन्टलमा उखु पाइने गरेको छ । प्रतिक्विन्टल रु १०० उखु छिल्न खर्च हुने गरेको छ । महोत्तरी, सर्लाही र धनुषामा उखुखेती बढी हुने भएकाले यहाँ कच्चा पदार्थ (उखु) खोज्न भौँतारिनु नपर्ने भएकाले पनि आफूहरू सहज हुने गरेको व्यापारीहरूको भनाइ छ ।

उखुको रस स्वास्थ्यका लागि पनि गुणकारी र कुनै अखाद्य वस्तुको मिसावट नहुने भएकाले पनि गर्मीयाममा यसको माग बढ्ने गरेको छ । बजारमा पाइने अन्य पेयपदार्थभन्दा उखुको जुसको स्वास्थ्यका दृष्टिले पनि लाभदायक हुने हुँदा तराई मधेसमा उपभोक्ताको रोजाइमा पर्ने गरेको बर्दिबास नगरपालिका, स्वास्थ्य शाखा प्रमुख सुरेश पासवान बताउनुहुन्छ ।रासस


# पीडितलाई न्याय दिने विषयमा सबै दलको एक मत छः सभापति देउवा

काठमाण्डु । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सशस्त्र द्वन्द्वका पीडितलाई न्याय दिने विषयमा सबै दलको एक मत रहेको बताउनुभएको छ ।

अन्तरराष्ट्रिय न्यायिक आयोगसहित सशस्त्र द्वन्द पीडित संलग्न सङ्घसंस्थाले विहिबार यहाँ आयोजना गरेको 'सङ्क्रमणकालीन न्यायसम्बन्धी राष्ट्रिय सम्मेलन'मा उहाँले विस्तृत शान्ति सम्झौताको मर्मअनुसार न्याय दिने विषयमा एकमत भएको बताउनुभयो ।

"सत्य उजागर गरेर न्याय दिलाउन र पीडितलाई न्याय दिने विषयमा दलहरूबीच एकै मत रहेको छ," पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका देउवाले भन्नुभयो, "शान्ति प्रक्रियाको मर्मअनुसार पीडितलाई न्याय र पीडकलाई सजाय दिने विषयमा हामी प्रष्ट छौँ ।" उहाँले सङ्क्रमणकालीन दुवै आयोगमा पदाधिकारी छनोट गर्न सरकारले सिफारिस अघि बढाइसकेकाले पदाधिकारी विश्वसनीय र सक्षम भएमा द्वन्द्वपीडितले न्याय पाउने विश्वास व्यक्त गर्नुभयो ।

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले दलबीच सैद्धान्तिक रूपमा अन्य विषयमा विमति भएपनि शान्ति प्रक्रियालाई निष्कर्षमा पु-याउने विषयमा सबै दल एक भएको बताउनुभयो ।उहाँले



द्वन्द्वकालीन पुराना घटनालाई बिर्सिएर क्षमादान दिने विषय उठेको भएपनि पीडितलाई न्यायको अनुभूति नभएसम्म शान्तिप्रक्रिया सफल भएको मान्न नसकिने बताउनुभयो । "अहिले पनि दलबीच तमाम विवादित विषय छन्," दाहालले भन्नुभयो, "सङ्क्रमणकालीन न्यायलाई निष्कर्षमा पु-याउने विषयमा सबै दलको एक मत छ ।"

पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले मुलुकमा राजनीतिक परिवर्तन भएपनि विस्तृत शान्ति सम्झौताअनुसार पीडितले न्याय पाउन ढिलाइ भएको बताउनुभयो । द्वन्द्व प्रभावित मुलुक भनेर रातो चिन्ह लगाएको हेर्न मन नभएको उल्लेख गर्दै उहाँले शान्ति प्रक्रियालाई छिटो निष्कर्षमा पु-याउनुपर्नेमा जोड दिनुभयो ।

द्वन्द्व पीडित साझा चौतारीका संस्थापक अध्यक्ष सुमन अधिकारीले शान्ति प्रक्रियाको काम पूरा गर्न सबै राजनीतिक दलको ध्यान जानुपर्ने र पदाधिकारी छनोट प्रक्रिया पारदर्शी, स्वतन्त्र हुनुपर्ने माग गर्नुभयो । अन्तरराष्ट्रिय न्यायिक आयोगका वरिष्ठ कानुनी सल्लाहकार मन्दिरा शर्माले विश्वसनीय आयोग गठन गरी पीडितलाई न्याय दिनुपर्ने र संशोधित कानुनमा नसमेटिएका विषय व्यवहारमा कार्यान्वयन गरेर जानुपर्ने बताउनुभयो ।

सरकारले दुई आयोगमा पदाधिकारी छनोट गर्न यही चैत १२ गते पुरानै सिफारिस समितिलाई निरन्तरता दिने निर्णय गरेको छ । यसअघि, सिफारिस समितिले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा पदाधिकारी छनोट गर्न नसकेपछि कानुनअनुसार स्वतः निष्क्रिय भएको थियो । दुई महिनाभित्र सिफारिस समितिले काम पूरा गर्नुपर्ने कानुनी व्यवस्था छ । अहिले दुवै आयोग पदाधिकारी विहीन छन् । सम्मेलनमा देशभरका १६० द्वन्द्वपीडितको सहभागिता छ ।रासस

# वीरगञ्ज नाका हुँदै तीन खर्ब ९० अर्बको सामान आयात

वीरगञ्ज । वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको आठ महिनामा रु तीन खर्ब ९० अर्ब १८ करोड मूल्य बराबरको वस्तु तथा सामान भित्रिएको छ ।


गत आवको आठ महिनाको तुलनामा चालु आवको सोही अवधिमा आयात ११ दशमलव ४० प्रतिशत अर्थात् ३९ अर्ब ९२ करोड बढीका सामान भित्रिएका हुन् । गत आवको आठ महिनामा रु तीन खर्ब ५० अर्ब २६ करोड मूल्य बराबरका वस्तु तथा सामान भित्राइएका थियो ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दिपक लामिछानेले चालु आवमा पेट्रोलियम पदार्थ, भटमासको कच्चा तेल र सवारीसाधनको आयातमा उल्लेखनीय रूपमा वृद्धि भएको जानकारी दिनुभयो । उहाँका अनुसार चालु आवको आठ महिनामा रु एक खर्ब २२ अर्ब २० करोड मूल्य बराबरको विभिन्न पाँच किसिमका पेट्रोलियम पदार्थ आयात भएको छ । गत आवको सोही समयमा भने रु एक खर्ब २० अर्ब ५३ करोड मूल्य बराबरको पेट्रोलियम पदार्थको आयात भएको थियो।

यो नाका हुँदै चालु आवको आठ महिनामा रु २९ अर्ब २९ करोड मूल्य पर्ने भटमास तेलको कच्चा पदार्थ आयात भएको छ । गत आवको पनि सोही समयमा भटमासको कच्चा पदार्थ रु पाँच अर्ब ७८ करोड मूल्य बराबरको भित्रिएको थियो । चालु आवको आठ महिनामा रु २२ अर्ब ५१ करोड मूल्य पर्ने फलाम तथा फलामका सामग्री आयात भएकामा गत आवको सोही अवधिमा रु २१ अर्ब ९४ करोड मूल्य बराबरको आयात भएको थियो ।

चालु आवको आठ महिनामा रु २१ अर्ब ६७ करोड मूल्य पर्ने मेसिनरी तथा पार्टपुजा आयात भएको छ भने गत आवमा रु १८ अर्ब ६५ करोड मूल्य पर्ने सोही सामान आयात भएको थियो । चालु आवको आठ महिनामा रु ११ अर्ब ६८ करोड मूल्य बराबरका यातायातका सवारीसाधन आयात भएका छन् । गत आवको सोही अवधिमा रु १० अर्ब १० करोड मूल्य पर्ने सवारीसाधन आयात भएका भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक लामिछानेले जानकारी दिनुभयो ।रासस





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# शक्ति प्रदर्शन निर्णायक होइन

नेपालमा विस्थापित भइसकेका राजालाई पूनःस्थापित गर्ने र हटिसकेको राजालाई फेरि नल्याउने पक्षमा दलहरु विभाजित भएका छन् । राजालाई विना हिंसा, विना शक्ति संसदमा निर्णय गरेर हटाइएको हो । सहज रुपमा नेपाल गणतान्त्रिक मुलुक बनेको हो । राजालाई हटाउन संसदमा छलफल र निर्णय भइरहँदा सेनाको परमाधिपति राजाले कुनै प्रतिक्रिया जनाएनन् । उनी सहज रुपमा नारायणहिटी दरबारबाट नागार्जुन दरबारमा सरे । यो सबै प्रक्रियामा जुलुस, बन्द, हड्ताल, प्रहरी, सेना कतै थिएन । तर जनताको समर्थन गणतन्त्रवादी पक्षधर दलका नेताहरुसित थियो । राजाले गद्दी त्याग गर्न हठ गरेको भए दलका नेताहरुसित भएको अपार जनसमर्थनले अर्को परिणाम निम्तिन सक्थ्यो । त्यसको अनुमान तत्कालीन राजाले गरेका थिए । गणतन्त्रवादी नेताहरुको उच्च मनोबल र जनताको व्यापक समर्थनले राजालाई गद्दी छाड्न बाध्य बनाइएको थियो । तत्कालीन राजनीतिक परिवेश र वर्तमान राजनीतिक परिवेशमा धेरै भिन्नता छ । तत्कालीन राजाप्रति अनेक प्रकारको जनआक्रोश थियो । दरबार हत्याकाण्डदेखि सत्ता आफ्नो हातमा लिने सम्मको प्रकरण अथवा देशमा जारी माओवादी हिंसाको सुरक्षित अवतरण लगायतको अवस्था थियो । अहिले विस्तारै राजाप्रतिको वितृष्णा जस्तै नेताहरुसित वितृष्णा बढेको छ । देशमा भ्रष्टाचार चरममा छ । सबैले देख्ने र बुझ्ने गरी भइरहेको भ्रष्टाचार रोक्न सम्बन्धित निकायहरु मौन छन् । सबै निकायमा बढेको भ्रष्टाचारले जनतामा आक्रोश बढाइरहेको छ । राजाको शासनको भन्दा अहिले भ्रष्टाचार बढेको भाष्य बनेको छ । त्यसलाई दलका नेताहरुले गलत साबित गर्ने सामर्थ्य गुमाइसकेका छन् । देशमा भ्रष्टाचार लगायतका जनविरोधी क्रियाकलापहरुमा कमी नआएसम्म राजतन्त्रवादीहरु बलियो हुने नै छ । सडकमा शक्ति प्रदर्शन गरेर राजा फर्काउने अथवा फर्किन नदिने निर्णय हुने छैन । शक्ति प्रदर्शन निर्णायक होइन । त्यसले मुठभेड निम्त्याउने अथवा दुवै पक्षलाई आफ्नो सीमामा रहन दबाब बनाउने हो । व्यवस्था परिवर्तनका लागि जनता सडकमा आउनु पर्छ । जनता सडकमा पुगेपछि त्यसलाई कुनै शक्तिले रोक्न सक्दैन । नेपालमा हालको राजनीतिक परिस्थितिको जिम्मेवार राजनीतिक दलहरु नै हो । जनताको मनमा अझै पूर्ण रुपमा गणतन्त्रप्रति वितृष्णा भइसकेको छैन । जनताले राजा फर्काउने पक्षमा गैसकेको अवस्था छैन । तर नेताहरुले आफ्ना क्रियाकलापमा सुधार नगरे राजा सहितको हिन्दू राष्ट्र सडकबाट घोषणा हुने दिन टाढा रहने छैन । नेपाल हिन्दू राष्ट्र हुनुपर्छ भने पक्षमा देश र विदेशमा भारी जनमत छ । त्यो यथार्थलाई बुझ्न आवश्यक छ । नेपालमा आन्दोलन हुँदा राजा फाल्ने भए पनि धर्मनिरपेक्ष बनाउने थिएन । तर नेताहरुले राजा सहित हिन्दू राष्ट्रलाई समेत फाले । त्यो स्थापित पनि त्यसैगरि हुन सक्ने सम्भावनालाई अस्वीकार गर्न सकिदैन ।

# रुस-युक्रेन युद्ध : युरोपको सुरक्षा, कूटनीतिक संघर्ष र भविष्यका चुनौती



युवराज पाण्डे

> पुटिनको रणनीति र तर्कले युरोप र अन्तर्राष्ट्रिय समुदायमा विरोधको सामना गर्दै आएको छ । युरोप र अमेरिका रुसको आक्रमणलाई निन्दा गर्दै युक्रेनलाई सहयोग पुऱ्याउने प्रयासमा छन् । युरोपका देशहरुले रुसविरुद्ध आर्थिक प्रतिबन्धहरु मात्रै लगाएका छैनन्, युक्रेनलाई मानवीय र सैन्य सहायता दिइरहेका छन् । यसले रुसको रणनीतिक उद्देश्यलाई कठिन बनाएको छ । युरोपको विरोध र सशस्त्र संघर्षका बिच द्वन्द्व अझ जटिल भएको छ ।

रुस र युक्रेन बिचको युद्धलाई गहिरो भू-राजनीतिक संकटका रूपमा संसारभर चर्चा र विश्लेषण गरिएको छ । यो युद्धको सुरुआत सन् २०१४ मा भएको थियो । जब रुसले क्रिमिया प्रायद्वीपलाई आफ्नो नियन्त्रणमा लियो, यस घटनाले युक्रेनको क्षेत्रीय अखण्डता र स्वतन्त्रतामा चुनौती उत्पन्न गरेको थियो ।

क्रिमिया, डोनेट्स्क र लुहान्स्कलाई कब्जा गरेसँगै रुसले यिनको नियन्त्रणलाई सुदृढ गर्नका लागि आफ्नो सैन्य शक्ति र रणनीतिक प्रयासहरू बढायो । रुस समर्थित विद्रोही समूहहरूले युक्रेनका पूर्वी क्षेत्रमा संघर्ष सुरु गरे, विशेषतः डोनेट्स्क र लुहान्स्क क्षेत्रमा संघर्ष निरन्तर बढ्यो । यसले युक्रेन र रुस बिचको द्वन्द्वलाई थप गहिरो बनायो ।

२०२२ को फेब्रुअरीमा रुसले युक्रेनमा आक्रमण सुरु गर्दै युद्धलाई नयाँ मोडमा पुऱ्यायो । रुसको यो आक्रमण युक्रेनलाई मात्र होइन, समग्र युरोप र कतिपय देशलाई चुनौती बन्यो । रुसको सैन्य आक्रमणले युक्रेनको सहरी राजनीतिक र सामाजिक संरचनामा व्यापक असर पुऱ्याएको छ । युरोपका प्रमुख राष्ट्रहरू, युरोपियन युनियन र नाटोजस्ता अन्तर्राष्ट्रिय संस्थाहरूले यस युद्धको विरोध गरेका छन् । युक्रेनलाई सहयोग प्रदान गर्ने प्रयास गरेका छन् । युक्रेनको क्षेत्रीय अखण्डता र स्वाधीनता कायम राख्ने उद्देश्यले युरोप र अमेरिकी राष्ट्रहरूले रुससँग कडा कूटनीतिक र सैन्य दबाब सिर्जना गरेका छन् । रुस-युक्रेन युद्धको प्रभाव केवल युक्रेन र रुससम्म सीमित छैन । यसले युरोपका विभिन्न राष्ट्रहरूको सुरक्षा र राजनीतिक स्थिरतामा पनि ठुलो प्रभाव पारिरहेको छ ।

यो युद्धले युरोपमा शरणार्थी संकट, ऊर्जा आपूर्ति संकट र आर्थिक प्रभावहरूको शृंखलाबद्ध समस्या उत्पन्न गरिरहेको छ । रुसको आक्रमणले युरोपको सुरक्षा संरचनामा पुनर्विचार र थप रणनीतिक योजनाको आवश्यकता देखाएको छ । यस युद्धले वैश्विक स्तरमा नयाँ शक्ति सन्तुलनको आवश्यकता र अन्तर्राष्ट्रिय कूटनीतिका महत्त्वपूर्ण पाठहरू समेत प्रस्तुत गरेको छ ।

### रूस-युक्रेन युद्धको पृष्ठभूमि

रुस र युक्रेनको ऐतिहासिक, सांस्कृतिक र राजनीतिक सम्बन्ध धेरै पुरानो हो, सम्बन्धका जराहरू मध्ययुगसम्म पुग्छन् । यी दुई राष्ट्रहरू प्राचीनकालमा एकै राज्यका हिस्सा थिए । उनीहरूको भाषा, धर्म र परम्परा एक-अर्कासँग जडित थिए । यद्यपि रुस र युक्रेनको सम्बन्ध समयसँगै जटिल र परिवर्तनशील हुँदै गएको छ । सन् १९९१ मा सोभियत संघको विघटनपछि युक्रेनले आफ्नो स्वतन्त्रता घोषणा गऱ्यो । यसपछि रुस र युक्रेनको बिचको सम्बन्ध तनावपूर्ण बन्न थाल्यो । यद्यपि युक्रेनका केही क्षेत्रहरू विशेष गरी क्रिमिया र पूर्वी युक्रेनले रुससँग गहिरो सांस्कृतिक र भाषिक सम्बन्ध राख्छन् ।

२०१४ को क्रिमिया संकट र त्यसपछि युक्रेनका पूर्वी क्षेत्रमा रुसको हस्तक्षेपले युद्धको जन्म दिएको हो । जब युक्रेनमा प्रजातान्त्रिक विरोध प्रदर्शन र जनक्रान्ति भएको थियो, युक्रेनी राष्ट्रपति भिक्टर यानुकोभिचलाई रुसको समर्थनमा राजनीतिक दबाब दिइएको थियो । यानुकोभिचको हटाइले युक्रेनी सरकारलाई प्रजातान्त्रिक पथमा अग्रसर गऱ्यो, जसले रुसको प्रतिकूल प्रतिक्रिया उत्पन्न गऱ्यो । रुसले यस अवसरलाई आफ्नो प्रभाव क्षेत्रको रक्षा गर्ने मौका मान्यो र क्रिमिया प्रायद्वीपलाई आफ्नो नियन्त्रणमा लियो, जसलाई युक्रेन र अन्तर्राष्ट्रिय समुदायले अवैध माने ।

रुस-युक्रेन युद्धको प्रभाव केवल युक्रेन र रुससम्म सीमित छैन । यसले युरोपका विभिन्न राष्ट्रहरूको सुरक्षा र राजनीतिक स्थिरतामा पनि ठुलो प्रभाव पारिरहेको छ ।

यस घटनाको परिणामस्वरूप युक्रेनका पूर्वी क्षेत्रहरू (विशेष गरी डोनेट्स्क र लुहान्स्क) रुस समर्थित विद्रोही समूहहरूको प्रभावमा परे, त्यहाँ संघर्षहरू सुरु भए । क्रिमिया संकटले युक्रेन र रुसको बिचको सम्बन्धलाई असहज र जटिल बनायो, दुवै राष्ट्रहरूबिच तनाव बढायो ।

रुसका राष्ट्रपति भ्लादिमिर पुटिनको मुख्य लक्ष्य युक्रेनलाई नाटोको सदस्य बन्नबाट रोक्नु हो, जुन प्रयास रुसले गर्दै आएको छ । युक्रेन नाटोको सदस्य बन्यो भने यसले रुसको सामरिक प्रभुत्वमा ठुलो चुनौती ल्याउँछ र आफ्नो क्षेत्रीय शक्ति घटाउँछ भन्ने रुसको विश्लेषण र बुझाइ छ । रुसको अर्को प्रमुख उद्देश्य युक्रेनमा आफ्नो प्रभाव फैलाउनु र पश्चिमी राष्ट्रहरूको बढ्दो प्रभावलाई कम गर्नु हो । रुसले युक्रेनलाई आफ्नो प्रभावमा राख्न चाहन्छ । यसका लागि उसले कूटनीतिक, सैन्य र आर्थिक दबाबहरू प्रयोग गर्दै आएको छ ।

युद्धको प्रारम्भदेखि नै रुसले युक्रेनको पूर्वी क्षेत्रलाई नियन्त्रणमा राख्न र त्यहाँ आफ्नो सैनिक उपस्थितिलाई सुदृढ गर्न चाहेको छ । पश्चिमी राष्ट्रहरूको विरोधका बिच आफ्नो क्षेत्रीय प्रभुत्व विस्तार गर्ने रणनीतिमा रुस देखिँदै आएको छ । रुसको रणनीतिक सोच यसै कुरामा आधारित छ कि युक्रेनका यी क्षेत्रहरूको कब्जा र नियन्त्रणले आफ्नो सामरिक सुरक्षा र पश्चिमी प्रभावलाई सीमित गर्नेछ ।

यद्यपि युक्रेनले भविष्यमा यो क्षेत्र पुनः प्राप्त गर्नका लागि सैन्य, कूटनीतिक र अन्तर्राष्ट्रिय दबाबका माध्यमबाट संघर्ष गर्न सक्ने सम्भावना भने अवश्य छ । यसबाट भविष्यमा यी क्षेत्रहरूको दीर्घकालिक नियन्त्रण र यसको रणनीतिक प्रभावमा निश्चित अनिश्चितता आउने सम्भावना रहेको छ ।

### ट्रम्पको दृष्टिकोण

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले रुस-युक्रेन युद्धको बारेमा आफ्नो स्पष्ट विचार सार्वजनिक गरेका छन् । उनले यस युद्धलाई एक अप्रत्याशित र गम्भीर संकटका रूपमा व्याख्या गरेका छन्, जसले विश्वभरका प्रमुख शक्तिहरूलाई चिन्तामा पारिरहेको छ । रुससँगको सैन्य संघर्षमा अमेरिकालाई सीधा संलग्न नराख्नु र कूटनीतिक प्रयासबाट समस्याको समाधान खोज्नु ट्रम्पको उद्देश्य देखिन्छ ।

ट्रम्पका अनुसार युक्रेनको युद्धमा अमेरिकाको सैन्य संलग्नता मात्र समस्याको समाधान होइन, यसले विश्वभर तनाव र रक्तपात थप्ने खतरा ल्याउन सक्छ ।

नाटोको भूमिकाप्रति समेत ट्रम्पको आलोचना छ । उनले नाटोको एकताको महत्त्वको कुरा गर्ने भए पनि युरोपका अन्य सदस्य राष्ट्रलाई अमेरिकासँगको सैन्य खर्च र संसाधनमा जिम्मेवारी लिनुपर्ने कुरा उठाएका छन् । उनका अनुसार नाटोले रुसको आक्रमणलाई रोक्न पर्याप्त कदम उठाएको छैन तर धेरै समयदेखि अमेरिकाले ठुलो हिस्सा खर्च गरिरहेको छ । ट्रम्पले नाटो सदस्य राष्ट्रहरूलाई यो कुरा सम्झाएका छन् कि उनीहरूले अमेरिकासँगको गठबन्धनमा सबै कुरा बराबरीका आधारमा गर्नुपर्छ । अमेरिका यो युद्धमा संलग्न हुनुअघि नाटोका सदस्य राष्ट्रहरूले रुससँगको संघर्षमा बढी जिम्मेवारी लिनुपर्ने ट्रम्पको भनाइ छ ।

रुस-युक्रेन युद्धका सन्दर्भमा ट्रम्पले कूटनीतिक वार्ता र शान्तिपूर्ण समाधानको पक्षमा आफ्नो धारणा प्रकट गरेका छन् । उनका अनुसार रुस र युक्रेनका बिचको युद्धलाई युद्ध गरेर जित्नेभन्दा वार्ता र समझदारीको माध्यमबाट समाधान गर्न सकिन्छ । अमेरिकाले युद्धमा संलग्न भएर आफ्ना जवानहरूको जीवन जोखिममा राख्नुभन्दा यो समस्याको शान्तिपूर्ण समाधानका लागि कूटनीतिक प्रयास गर्नुपर्ने उनको भनाइ छ ।

ट्रम्पको 'अमेरिका फर्स्ट' नीति र युक्रेनको सन्दर्भमा यो दृष्टिकोण धेरै महत्त्वपूर्ण हुन्छ । ट्रम्पका अनुसार अमेरिकाले आन्तरिक समस्याहरू र देशको विकासमा प्राथमिकता दिइनुपर्छ । युरोपका संघर्षहरूमा अमेरिकी सैन्य बल संलग्न हुनु भनेको अमेरिकाको आफ्नै हितविपरीत हुनेछ । उनले बारम्बार भनेका छन् कि अमेरिकाले युरोपको समस्यामा आफ्नो सैन्यबल प्रयोग गर्नु हुँदैन । त्यसको जिम्मेवारी युरोपका राष्ट्रहरूले नै उठाउनुपर्छ । ट्रम्पको विश्वास छ कि अमेरिकाको सैन्य बलको प्रयोग गर्नुअघि युरोपका देशहरूले आफ्नो सुरक्षा र परराष्ट्र नीति कडा बनाउनुपर्नेछ ।

उनको दृष्टिकोण स्पष्ट रूपमा 'अमेरिका फर्स्ट' नीतिमा आधारित छ, जसको उद्देश्य अमेरिकाको स्वार्थ र स्थिरतालाई सबैभन्दा पहिलो प्राथमिकता दिनु हो । यस हिसाबले ट्रम्पले युक्रेनको संघर्षमा सीधा सैन्य संलग्नता नगरी अमेरिकाको हितलाई ध्यानमा राखेर कूटनीतिक उपायहरू अपनाउन महत्त्वपूर्ण ठानेका छन् । यसरी ट्रम्पको दृष्टिकोणले रुस-युक्रेन युद्धमा सैन्य हस्तक्षेपको सट्टा कूटनीतिक वार्ता र सम्झौतामा जोड दिन्छ ।

### रूसको रणनीति र पुटिनको उद्देश्य

रुसका राष्ट्रपति भ्लादिमिर पुटिनको दृष्टिकोण र युक्रेनमा रुसको रणनीतिक लक्ष्यहरू निकै जटिल र बहुआयामिक छन् । पुटिनको प्राथमिक उद्देश्य भनेको युक्रेनको स्वाधीनता र क्षेत्रीय अखण्डतालाई चुनौती दिनु हो, जसले रुसको सामरिक र भू-राजनीतिक हितहरूको रक्षा गर्छ ।

पुटिनको रणनीतिक सोच र उनीद्वारा अपनाइएका कदमहरू धेरैजसो रुसको ऐतिहासिक, सांस्कृतिक र राजनीतिक धरोहरमा आधारित छन् । युक्रेनलाई एक भू-राजनीतिक नाजीकरणका रूपमा देखेर पुटिनले त्यसलाई आफ्नो प्रभाव क्षेत्रमा राख्न चाहेका छन् ।

युक्रेनलाई नाटोको सदस्य बन्न रोक्नु र त्यसको पश्चिमी प्रभावलाई सीमित गर्नु पुटिनको पहिलो लक्ष्य हो । उनी नाटोको विस्तारलाई रुसको सुरक्षा र प्रभुत्वका लागि ठुलो खतरा ठान्छन् । यस दृष्टिकोणबाट रुसले युक्रेनमा सैन्य हस्तक्षेप गर्ने निर्णय गरेको छ । पुटिनका अनुसार युक्रेनलाई नाटोमा सामेल गर्नु भनेको रुसको सीमा नजिक अमेरिकी सैन्यको उपस्थिति स्वीकार गर्नु जस्तो हुनेछ, जसले रुसको स्वाधीनता र सुरक्षा कमजोर पार्नेछ । युक्रेनप्रति आफ्नो प्रभुत्व कायम राख्ने रुसको रणनीति शीतयुद्धको समयदेखि नै थाहा पाइन्छ । पुटिन त्यसलाई युरोपको शक्ति सन्तुलनमा आफ्नो प्रभाव कायम राख्नका लागि एक महत्त्वपूर्ण कदम मान्छन् ।

### रूसको सैन्य रणनीति र क्षेत्रीय लक्ष्य

रुसको सैन्य रणनीति र क्षेत्रीय लक्ष्यहरू युक्रेनको विभिन्न महत्त्वपूर्ण क्षेत्रहरूमा केन्द्रित छन् । क्रिमिया प्रायद्वीप र युक्रेनका पूर्वी क्षेत्रहरू (विशेष गरी डोनेट्स्क र लुहान्स्क) रुसको प्रमुख सैन्य र भू-राजनीतिक लक्ष्य हुन् ।

रुसले क्रिमिया प्रायद्वीपलाई आफ्नो नियन्त्रणमा लिनुलाई युक्रेन र अन्तर्राष्ट्रिय समुदायले अवैध मान्दै आएका छन् । क्रिमियाको नियन्त्रण रुसका लागि रणनीतिक दृष्टिले महत्त्वपूर्ण छ, किनकि यो क्षेत्र काला सागरमा रहेको छ; जहाँ रुसको सैन्य, व्यापारी र ऊर्जा मार्गहरूको नियन्त्रण छ । यसले रुसलाई काला सागरमा सैन्य उपस्थिति विस्तार गर्ने अवसर प्रदान गर्छ ।

विद्रोही नियन्त्रणमा रहेका डोनेट्स्क र लुहान्स्कका क्षेत्रहरू पनि रुसको सैन्य रणनीतिक दृष्टिकोणमा महत्त्वपूर्ण छन् । यी क्षेत्रहरूमा रुस समर्थित विद्रोही समूहहरूको उपस्थिति र रुसको सैन्य हस्तक्षेपले युक्रेनलाई कमजोर बनाउने उद्देश्य राख्छ । पुटिनले यी क्षेत्रलाई रुसको सुरक्षा क्षेत्रको हिस्सा बनाउन चाहेका छन् । यिनमा नियन्त्रण गरेर उनले युक्रेनको पश्चिमी प्रभावको बढावा रोक्न चाहेका छन् । यसरी रुसले युक्रेनमा अधिक प्रभाव कायम राख्न र युक्रेनी सरकारलाई कमजोर पार्न यी क्षेत्रहरूको नियन्त्रणलाई महत्त्वपूर्ण बनाएको छ ।

रुस र युक्रेनका बिचको विवाद र विवादास्पद मुद्दाहरू (जस्तै : युक्रेनको क्षेत्रीय अखण्डता, नाटोको सदस्यता र रुसको सुरक्षा आशंका) युद्धको समाधानमा ठुलो बाधा बनेका छन् । यिनै कारणले युद्धको अन्त्य हुन कठिन भएको छ ।

### पुटिनको तर्क र द्वन्द्व

युक्रेनप्रति आफूहरूको सैन्य हस्तक्षेपलाई पुटिनले एक सुरक्षा उपायका रूपमा प्रस्तुत गरेका छन् । उनले युक्रेनमा नाटोको उपस्थिति र पश्चिमी राष्ट्रहरूको प्रभावलाई रुसको सुरक्षा र राजनीतिक अस्तित्वका लागि ठुलो खतरा भनेका छन् ।

पुटिनको तर्क अनुसार रुसलाई पश्चिमी शक्तिहरूसँग सामना गर्नुपरिरहेको छ । रुसको सैन्य आक्रमणले केवल युक्रेनलाई होइन, सम्पूर्ण युरोपको सुरक्षा र स्थिरतालाई खतरा पुऱ्याएको छ । उनले युरोप र अमेरिकासँगको भिन्न विचार र द्वन्द्वलाई मुख्य कारणका रूपमा देखेका छन्, जसले रुस र पश्चिमी राष्ट्रहरूका बिच उत्पन्न तनावलाई बढाएको हो ।

पुटिनको रणनीति र तर्कले युरोप र अन्तर्राष्ट्रिय समुदायमा विरोधको सामना गर्दै आएको छ । युरोप र अमेरिका रुसको आक्रमणलाई निन्दा गर्दै युक्रेनलाई सहयोग पुऱ्याउने प्रयासमा छन् । युरोपका देशहरूले रुसविरुद्ध आर्थिक प्रतिबन्धहरू मात्रै लगाएका छैनन्, युक्रेनलाई मानवीय र सैन्य सहायता दिइरहेका छन् । यसले रुसको रणनीतिक उद्देश्यलाई कठिन बनाएको छ । युरोपको विरोध र सशस्त्र संघर्षका बिच द्वन्द्व अझ जटिल भएको छ ।

आफ्नो सामरिक प्रभुत्वलाई पुनः स्थापित गर्नु, युक्रेनको क्षेत्रीय अखण्डता र राजनीतिक स्वतन्त्रतालाई सीमित गर्नु नै रुसको उद्देश्य देखिन्छ ।

### युरोपको सुरक्षा चुनौती

युक्रेनमा रुसको आक्रमण युरोपका लागि सुरक्षा र राजनीतिक दृष्टिकोणबाट गम्भीर चुनौती बनेको छ । रुसको सैन्य आक्रमणले युरोपमा सुरक्षा संकटलाई नयाँ उचाइमा पुऱ्याएको छ । रुसको आक्रमणपछि युरोपका देशहरूले आफ्नो सैन्य, कूटनीतिक र राजनीतिक नीतिहरूलाई पुनः सम्झनुपर्ने र समायोजन गर्नुपर्ने भएको छ ।

हाल युरोपका लागि विशेष चुनौतीका रूपमा छ, रुसको बढ्दो सैन्य उपस्थिति । रुसको युक्रेनमाथिको आक्रमणले युक्रेनलाई मात्रै होइन, युरोपका सबै राष्ट्रहरूको सुरक्षा व्यवस्थामा ठुलो असर पारेको छ । रुसको आक्रमणको सन्दर्भमा नयाँ रणनीति र बलियो एकतासहितको पहल गर्न युरोपको पुरानो सुरक्षा संरचना (नाटो र युरोपियन युनियन) बाध्य भएका छन् । युरोपका देशहरूले आफ्नो सैनिक क्षमता र कूटनीतिक नीतिहरूलाई अपडेट गर्ने आवश्यकता महसुस गरेका छन् ।

### युरोपियन युनियन र नाटोको भूमिका

युरोपका सुरक्षा चुनौतीहरूको सामना गर्न युरोपियन युनियन र नाटोको भूमिकालाई महत्त्वपूर्ण बनाइएको छ । नाटो, जो युरोप र उत्तरअमेरिकी देशहरूको सैन्य गठबन्धन हो, उसले रुसको आक्रमणका विरुद्ध युरोपका देशहरूको सुरक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका निभाउँदै आएको छ । नाटोले युरोपका पूर्वीसीमा राष्ट्रहरूको सुरक्षा बलको सुदृढीकरण गरेको छ, युक्रेनलाई सहायता पुऱ्याउने नीतिहरू अपनाएको छ । युरोपियन युनियनले पनि रुसविरुद्ध आर्थिक प्रतिबन्धहरू लगाएर र युक्रेनलाई मानवीय र सैन्य सहायता प्रदान गरेर आफ्नो भूमिका स्पष्ट पारेको छ ।

यद्यपि युरोपमा एकता र सहकार्यको आवश्यकता अझ महत्त्वपूर्ण भएको छ । रुसको आक्रमणले युरोपका विभिन्न देशबिच सैन्य, कूटनीतिक र आर्थिक स्तरमा सहयोगको आवश्यकता बढाएको छ । युरोपका सदस्य राष्ट्रहरूले रुससँगका परराष्ट्र र सुरक्षा मुद्दामा सहकार्य गर्दै एक साझा सुरक्षा रणनीति बनाउन जरुरी भएको छ । युरोपमा सुरक्षा सुदृढ बनाउनका लागि अन्तर्राष्ट्रिय समुदायसँगको कूटनीतिक सहकार्य, सैन्य बलहरूको सक्रियता र आर्थिक प्रतिबन्धहरू महत्त्वपूर्ण देखिएका छन् ।

### बेलायत र युरोपको भविष्य

'ब्रेक्जिट'को परिणामस्वरूप बेलायत र युरोपका बिचको एकता र सहकार्यमा केही चुनौतीको सामना गर्नुपरेको छ । यद्यपि रुसको युक्रेनमाथिको आक्रमणले युरोपमा एकताका महत्त्वपूर्ण मुद्दाहरूलाई प्रकट गरेको छ । अर्थात् बेलायत र युरोपका अन्य देशले एकजुट भएर रुसको आक्रमणको प्रतिरोध गर्नुपर्ने देखिएको छ । बेलायतले नाटो र युरोपका अन्य सुरक्षा व्यवस्थामा आफ्नो प्रभाव पुऱ्याउँदै युरोपको सुरक्षा मजबुत बनाउने भूमिका निभाइरहेको छ । युरोपको सुरक्षा र स्थिरता सुनिश्चित गर्न आफूले भूमिका खेल्नुपर्ने महसुस बेलायतले गरेको छ । बेलायतले नाटोको सदस्य रहनुका साथै युरोपका सुरक्षा र कूटनीतिक मुद्दामा पनि सक्रिय सहभागिता जनाउँदै आएको छ । यसले बेलायतलाई युरोपको सुरक्षा संरचनामा अझ मजबुत बनाएको छ, खासगरी रुससँगको प्रतिरोधको सन्दर्भमा ।

समग्रमा रुसको आक्रमणले युरोपका सुरक्षा चुनौतीलाई पुनः परिभाषित गरेको छ । युरोपियन युनियन र नाटोको सहकार्य र एकता युरोपको सुरक्षा सुनिश्चित गर्नका लागि अत्यन्त महत्त्वपूर्ण छ । साथै बेलायतको भूमिका र युरोपसँगको सहयोग युरोपको भविष्यका लागि महत्त्वपूर्ण हुने स्पष्ट छ ।

### जेलेन्स्की र नाटोको सदस्यता

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीको नेतृत्वले युक्रेनको नाटो सदस्यता र युक्रेनको भविष्यको सुरक्षा परिप्रेक्ष्यमा ठुलो भूमिका खेलेको छ । जेलेन्स्कीले युक्रेनको पश्चिमी राष्ट्रसँगको कूटनीतिक सम्बन्धलाई सुदृढ गर्दै नाटोमा युक्रेनको सदस्यता प्राप्त गर्नका लागि निरन्तर प्रयास गरेका छन् । उनले नाटो सदस्यता युक्रेनको सुरक्षा र समृद्धिका लागि महत्त्वपूर्ण बताइरहेका छन् । युक्रेनको भविष्यलाई पश्चिमी सुरक्षा संरचनासँग एकीकृत गर्न चाहेका छन् । यसले युक्रेनको सुरक्षा र रक्षा क्षमता मजबुत बनाउनका लागि धेरै ठुलो अवसर प्रदान गर्ने आशा गरिएको छ ।

जेलेन्स्कीको नेतृत्वमा युक्रेनले नाटो सदस्यता हासिल गर्ने प्रयासलाई समर्थन गर्दै आएको छ । नाटो सदस्य बन्ने उद्देश्यले युक्रेनले आफ्नो आन्तरिक संरचनामा सुधार र राजनीतिक स्थिरता स्थापना गर्नका लागि कदम उठाएको छ । नाटोको सदस्यताले युक्रेनलाई सैन्य दृष्टिकोणबाट सुरक्षा र सैन्य सहयोगको ग्यारेन्टी दिन्छ । यसले युक्रेनलाई रुसको सैन्य आक्रमणको प्रतिरोधमा थप शक्ति र प्रभाव दिन सक्छ । युक्रेनका लागि नाटो सदस्यता भनेको एक प्रकारको सुरक्षा छाता हो, जसले युरोप र पश्चिमी राष्ट्रहरूको सहकार्य र समर्थन प्राप्त गर्न मद्दत पुऱ्याउँछ ।

यो सोध्न मिल्दो प्रश्न हो कि जेलेन्स्कीको नाटो सदस्यता अभियानले युद्धको कारणलाई तीव्र बनायो कि बनाएन ? यद्यपि नाटोको सदस्यता युक्रेनको सुरक्षा सुनिश्चित गर्नका लागि महत्त्वपूर्ण छ ।

### युद्धको अन्त्य सम्भावना र समाधान

रुस-युक्रेन युद्धको अन्त्यको सम्भावना र समाधान यस समय निकै जटिल र अनिश्चित छ । युद्धको वर्तमान अवस्था र युद्धमा संलग्न पक्षहरूको दृढ संकल्पले यसलाई रोक्न वा समाधान गर्नु अत्यन्तै चुनौतीपूर्ण बनाएको छ । यद्यपि युरोप र अन्य अन्तर्राष्ट्रिय समुदायले युद्धको अन्त्यका लागि कूटनीतिक प्रयासहरू गर्न ठुलो चासो देखाएका छन् । युद्धको विराम र संघर्ष विरामको आवश्यकता दिनानुदिन बढ्दै गएको छ । यसका लागि कूटनीतिक वार्ता र संघर्ष समाधानको पहल महत्त्वपूर्ण हुने प्रस्ट हुँदै गइरहेको छ ।

युद्धको अन्त्यका लागि कूटनीतिक समाधान खोज्नु अत्यन्त आवश्यक छ, किनकि रुस र युक्रेनका बिचको सैन्य संघर्षले न केवल यी दुई राष्ट्रहरूलाई, अपितु सम्पूर्ण युरोप र विश्वलाई अस्थिर बनाएको छ । युद्धको दीर्घकालीन प्रभावले मानवीय संकट, आर्थिक संकट र भू-राजनीतिक तनावलाई जन्म दिएको छ । यसले युरोपको समग्र सुरक्षा परिप्रेक्ष्यलाई पुनः परिभाषित गरेको छ । यस अवस्थामा, कूटनीतिक प्रयासहरू युद्धको विराम र दीर्घकालीन समाधान प्राप्त गर्नका लागि महत्त्वपूर्ण र अपरिहार्य बनिरहेका छन् । रातोपाटी

# नेपालमा राजतन्त्र पुनः स्थापना : इतिहास, तथ्य र प्रमाणका आधारमा अस्वीकार्य प्रस्ताव



डा. चूडाप्रसाद ढकाल

नेपालमा गणतन्त्र स्थापनापछि पटक-पटक राजतन्त्र पुनः स्थापनाको बहस उठ्ने गरेको छ । विशेष गरी पूर्वराजा ज्ञानेन्द्र शाहका अभिव्यक्तिले यो विषयलाई पुनः चर्चामा ल्याउने गरेका छन् । तथापि इतिहास, राजनीति, समाज, अर्थतन्त्र र लोकतान्त्रिक उपलब्धिहरूका आधारमा यो माग केवल अव्यावहारिक मात्र होइन, नेपाली जनताको संघर्षको अपमान पनि हो ।

नेपालमा २४० वर्षसम्म राजतन्त्र रहँदा न स्थायित्व आयो, न त समृद्धि । सत्ताको चरम केन्द्रीकरणले भ्रष्टाचार, दमन र अन्यायलाई संस्थागत गऱ्यो । विशेष गरी २००७, २०१७, २०४६, र २०६२/६३ का जनआन्दोलनहरू राजसंस्थाको असफलताको ऐतिहासिक प्रमाण हुन् ।

राजतन्त्रले स्थिरता ल्याउने दाबी-तथ्यले अस्वीकार गर्छ । पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरे पनि १०४ वर्षसम्म शाहवंश राणाशासनको छायामा निष्क्रिय रह्यो । राजा महेन्द्रले २०१७ सालमा प्रजातन्त्र खारेज गरी अधिनायकवाद लादे, राजा ज्ञानेन्द्रले २०५९ मा प्रत्यक्ष शासन गर्दै लोकतन्त्र निलम्बन गरे ।

२०५८ को दरबार हत्याकाण्डले राजसंस्थाभित्रैको अस्थिरता उजागर गऱ्यो । राजा वीरेन्द्रसहित शाही परिवारको हत्या भएलगत्तै नेपाल अराजक बन्यो । राजा ज्ञानेन्द्रले सत्ता हत्याएपछि २०६२/६३ मा लाखौं नेपाली सडकमै उत्रिए । इतिहासले देखाएको छ – राजतन्त्र स्थिरता होइन, अस्थिरताको कारक थियो ।

राजतन्त्र पुनः स्थापनाको माग गर्नेहरूले 'स्थिरता र राष्ट्रिय एकता'को बहानामा पुरानो संरचनालाई फर्काउने प्रयास गर्छन् तर इतिहास भन्छ – राजसंस्थाले नेपाललाई कहिल्यै स्थिर बनाएन, बरु बारम्बार अस्थिरता निम्त्यायो । दरबार हत्याकाण्डले सत्ताभित्रको अस्थिरता उजागर गऱ्यो, ज्ञानेन्द्रले प्रत्यक्ष शासन हत्याएपछि माओवादी विद्रोह झनै चर्कियो र २०६२/६३ मा लाखौं नागरिकले सडकबाटै राजसंस्थालाई अन्त्यको सन्देश दिए ।

अहिलेका भ्रष्ट राजनीतिज्ञहरू जति नालायक छन्, राजतन्त्र त अझ घातक थियो, किनभने त्यो त परिवर्तनको सम्भावना समेत अन्त्य गर्ने सत्ताको अडिग मोडल थियो ।

नेपाली जनताले रगत, पसिना र बलिदानमार्फत फालिसकेको राजतन्त्र पुनः स्थापनाको बहस फेरि जीवित हुनुपर्ने कुनै कारण थिएन । तर यो परिस्थिति सिर्जना हुनुको प्रमुख दोषी राजतन्त्र समर्थकहरू मात्र होइनन्, लोकतान्त्रिक प्रणालीका मूलधारका तथाकथित नेता र सत्ताधारीहरू नै हुन् । जनताले गणतन्त्र ल्याइदिएपछि यिनले देशलाई सुशासन दिनुपर्ने थियो, पारदर्शिता कायम गर्नुपर्ने थियो, जनताको हितमा काम गर्नुपर्ने थियो तर यिनले राष्ट्रलाई सही मार्गचित्र दिनुको साटो, भ्रष्टाचार, नातावाद, स्वार्थ, सत्ता लिप्सा र चरम अकर्मण्यताको उदाहरण मात्र प्रस्तुत गरे । जसका लागि शासन प्रणाली परिवर्तन गरियो, तिनै जनता आज पनि गरिबी, बेरोजगारी, महँगी र अन्यायको भार बोक्न बाध्य छन् ।

यही असफलताले नै राजतन्त्र पुनः स्थापनाको बहसलाई मलजल गरिदिएको छ । जनतामा शासनप्रति वितृष्णा पैदा गराउने नेतृत्वकै गलत शैलीको फाइदा उठाउँदै राजतन्त्र समर्थकहरूले 'राजतन्त्रमै देश बच्ने हो' भन्ने भ्रामक प्रचार गरिरहेका छन् । यद्यपि राजतन्त्रले कहिल्यै समस्याको समाधान हुन सक्दैन । इतिहासले देखाइसकेको छ– राजतन्त्रले न न्याय दियो, न अवसर, न त विकासको आधार । अहिलेका भ्रष्ट राजनीतिज्ञहरू जति नालायक छन्, राजतन्त्र त अझ घातक थियो, किनभने त्यो त परिवर्तनको सम्भावना समेत अन्त्य गर्ने सत्ताको अडिग मोडल थियो ।

त्यसैले भ्रष्ट नेताहरूप्रति आक्रोशित हुनु जायज भए पनि विगततिर फर्केर समाधानको बाटो खोज्नु मूर्खता मात्र होइन, जनआन्दोलनका सहिदहरूप्रति पनि घोर अपमान हो ।

राजसंस्थाले 'राष्ट्रिय एकता'को नाममा धर्म, जाति र वर्ग विशेषलाई मात्र सशक्त बनायो । शाहवंशीय राजतन्त्रले खस-आर्य वर्चस्वलाई प्रश्रय दियो, जसका कारण जनजाति, मधेसी, दलितहरू राजनीतिक, सामाजिक र आर्थिक रूपमै दोस्रो दर्जामा राखिए । उदाहरणका लागि– १९९० अघि नेपालका जनजातिहरूलाई आफ्नै भाषा विद्यालयमा पढाउने अधिकार थिएन, मधेसीहरूलाई नागरिकतासमेत सहज रूपमा दिइँदैनथ्यो । लोकतन्त्रले यी विभेदहरू अन्त्य गर्दै समावेशी संरचना निर्माण गरिरहेको छ । २०१५ को संविधानले सबै जाति, धर्म र लिंगलाई समान हक सुनिश्चित गऱ्यो । अहिले नेपालमा संघीयता कार्यान्वयन हुँदै छ, स्थानीय तह सशक्त बन्दै छ र नागरिक अधिकारहरू सुरक्षित छन् ।

गणतन्त्रपछि नेपालले हासिल गरेका उपलब्धिहरू राजसंस्थाका दुई शताब्दीभन्दा बढी मूल्यवान छन् । लोकतन्त्रले खुला बहसको अवसर दिन्छ, सरकारलाई उत्तरदायी बनाउँछ र नागरिकलाई सत्ताको स्रोत बनाउँछ । महिला, दलित र सीमान्त समुदायको राजनीतिक सहभागिता आजको लोकतन्त्रमा सम्भव भएको छ, जुन राजतन्त्रमा असम्भव थियो ।

राजतन्त्र केवल एक परिवार विशेषको निरन्तर शासनलाई संस्थागत गर्ने संरचना थियो । आधुनिक राष्ट्रमा सत्ताको वैधता जनता स्वयंको म्यान्डेटबाट आउनुपर्छ, कुनै परिवारको वंशानुक्रमबाट होइन । लोकतन्त्रमा कमजोरीहरू हुन सक्छन्, तर समाधान राजतन्त्र होइन– बरु संस्थाहरूलाई पारदर्शी र सुदृढ बनाउनु हो ।

नेपालले एक शताब्दीभन्दा बढी संघर्षपछि लोकतन्त्र प्राप्त गरेको हो । राजतन्त्र पुनः स्थापना गर्ने प्रयास इतिहासको गति उल्ट्याउने भ्रामक कल्पना मात्र हो । आधुनिक नेपाललाई एकल परिवारको शासन होइन, जनता स्वयंको शक्ति आवश्यक छ ।रातोपाटी

# “कार्बन बिक्रीबापत प्राप्त रकम विपन्न नागरिकको हितमा परिचालन गर्नुपर्छ”



काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले कार्बन बिक्रीबापत प्राप्त भएको रकम गरिब र विपन्न वर्गका नागरिकको हितमा परिचालन गर्नुपर्ने बताउनुभएको छ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले विहिबार यहाँ आयोजना गरेको ‘ऊर्जा आयोजनामा कार्बन वित्त, लगानीका अवसर’ विषयक गोष्ठीमा उहाँले कार्बन बिक्रीबापतको रकम गरिब, आर्थिक अवस्था कमजोर भएका, पिछडिएका वर्गका नागरिकको हितमा परिचालन गर्नुपर्नेमा जोड दिनुभयो। “कार्बन कोषमार्फत दूरदराजमा रहेका गरिब, विपन्न र पिछडिएका जनताका लागि सोलारसहित मिटर राखिदिएमा स्थानीयलाई आम्दानीको वातावरण निर्माण हुन्छ।

यो कार्यले सरकारले राखेको विपन्न नागरिकलाई समृद्ध बनाउने लक्ष्यमा सहयोग पुग्नेछ”, उहाँले भन्नुभयो । कार्बन उत्सर्जन न्यूनीकरणमा साझा प्रयासको खाँचो रहेकामा जोड दिनुभयो।

ऊर्जामन्त्री खड्काले सरकारका अङ्गले सरकार र मुलुकलाई सहयोग गरी जनहितमा काम गर्नुपर्ने बताउनुभयो । “प्रचारप्रसार गरेर होइन, काम गरेर स्थापित हुने काम गरौँ, अनुशासित भएर काम गर्नेलाई सरकारले सम्मान पनि गर्नेछ”, उहाँले भन्नुभयो । उहाँले नेपाल जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौताको पक्ष राष्ट्र भएको जनाउँदै नेपालले सन् २०४५ सम्ममा खुद शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिलसम्बन्धी दीर्णकालीन रणनीति लिएको सन्दर्भमा स्वच्छ ऊर्जा रुपान्तरणको माध्यमबाट उक्त लक्ष्य हासिल गर्न नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो।

ऊर्जामन्त्री खड्काले सरकारले आफ्ना नीति, रणनीति, योजना तथा लक्ष्यमार्फत नवीकरणीय ऊर्जाको विस्तार तथा ऊर्जा दक्षताको अवलम्बनमार्फत हरितगृह उत्सर्जन न्यूनीकरणसम्बन्धी कार्यलाई विशेष प्राथमिकता दिँदै आएको उल्लेख गर्नुभयो । सरकारले हालै स्वीकृत गरेको ‘ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८१’ मा नेपालले अघि सारेका स्वच्छ ऊर्जा र जलवायु परिवर्तनसम्बन्धी अन्तरराष्ट्रिय प्रतिबद्धता र राष्ट्रिय लक्ष्यमा नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता र स्वच्छ ऊर्जा रुपान्तरणलाई उच्च प्राथमिकता दिइएको उहाँले बताउनुभयो।

मार्गचित्रले लिएका लक्ष्य सन् २०४५ सम्म खुद शून्य कार्बन उत्सर्जनसम्बन्धी दीर्घकालीन लक्ष्य, दोस्रो राष्ट्रिय निर्धारित योगदान, १६औँ योजनालगायत राष्ट्रिय लक्ष्य एवं अन्तरराष्ट्रिय प्रतिबद्धतासँग सम्बन्धित रहेका उहाँले जानकारी दिनुभयो। मन्त्री खड्काले कार्बन वित्त परिचालनमा सम्पूर्ण सरोकार भएका संस्थाबीच प्रभावकारी र परिणाममुखी सहकार्य आवश्यक रहेकामा जोड दिनुभयो।

ऊर्जामन्त्री खड्काले हालै राष्ट्रियसभाबाट पारित भई प्रतिनिधिसभामा पेस भएको नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयकलाई प्रतिनिधिसभाबाट पारित गराई ऐनका रूपमा कार्यान्वयन गराउने कार्यलाई उच्च प्राथमिकतामा राखिएको उल्लेख गर्नुभयो ।राष्ट्रिय योजना आयोगका सदस्य प्राडा आरपी विच्छाले कार्बन व्यापारमार्फत नेपालले धेरैभन्दा धेरै फाइदा लिनेगरी काम गर्नुपर्ने बताउनुभयो। उहाँले सबैको स्वामित्व हुने गरी कार्बन बिक्रीको लागि संरचना बनाएर नेपालले अधिक फाइदा लिन लाग्नुपर्नेमा जोड दिनुभयो।

प्राडा विच्छाले कार्बन व्यापारमा निजी क्षेत्रलाई समेट्न सके नेपालले अधिकतम फाइदा लिनसक्ने धारणा राख्नुभयो । पेरिस सम्झौतालाई कार्यान्वयन गर्न वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले गरेको कामप्रति उहाँले प्रशंसा गर्नुभयो ।ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्यले गोष्ठीले ऊर्जा आयोजनामा कार्बन वित्त लगानीको आवश्यकता, अवसर र चुनौतीको पहिचान गर्ने, लगानीयोग्य कार्बन वित्त आयोजनाको प्राथमिकीकरण, स्वच्छ ऊर्जा रुपान्तरणका लागि लगानीका सम्भावना र स्रोत परिचालनका अवसर सिर्जना गर्ने बताउनुभयो।

उहाँले नेपालको ऊर्जा रुपान्तरण एवं जलवायु परिवर्तनसँग सम्बन्धित वर्तमान विकास साझेदारी तथा भविष्यमा लगानी छनोटको सन्दर्भमा सो क्षेत्रमा भएका सफल आयोजना र गरिएका अभ्यासको अनुभव आदानप्रदान, सम्भाव्य लगानी अभिवृद्धि, यस क्षेत्रको असल अभ्यास र ज्ञान आदानप्रदानमा सघाउ पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले नेपालले हालसम्म कार्बन बिक्रीबाट रु चार अर्ब ८३ करोड आम्दानी गरिसकेको जानकारी दिनुभयो । उहाँले आगामी मे १६ देखि १८ तारिखसम्म जलवायु न्यायको पैरवीका लागि हुन लागेको ‘सगरमाथा संवादलाई यो गोष्ठीले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा विभिन्न दातृ निकायका प्रतिनिधिहरूको पनि सहभागीता थियो ।रासस

# नचाहिएको विषयमा अत्तो थापेर सदन अवरुद्ध गरिएको छ : प्रधानमन्त्री

ललितपुर । प्रधानमन्त्री केपी शर्मा ओलीले नचाहिएको विषयमा अत्तो थापेर विपक्षीबाट सदन अवरुद्ध गरिएको बताउनुभएको छ।

महिला उद्यमी महासङ्घको आठौँ अन्तर्राष्ट्रिय महिला उद्यमी व्यापार मेलाको विहिबार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले गैह्रविषयलाई मुद्दा बनाएर एक निकायको कर्मचारी हेरफेरको सवालमा सदन अवरुद्ध गर्न नहुने बताउनुभयो ।उहाँले यही चैत १८ गतेभित्र जारी अध्यादेशहरुलाई प्रतिस्थापन गर्ने विधेयक पारित गर्ने गरी तयारी भइरहेको अवस्थामा त्यसलाई प्रभावित पार्ने गरी सदन अवरुद्ध गर्न लागेकामा चिन्ता व्यक्त गर्नुभयो।

> प्रधानमन्त्री ओलीले औपनिवेसिक र सामन्तवादी स्थितिले सिङ्गै नेपाली समाज पछाडि परेको र त्यसमा पनि महिलाहरुलाई झन् पछाडि पारिएको स्थितिमा संघर्ष र बलिदानको परिणामबाट समाज परिवर्तन र विकासको यात्रामा अघि बढेको बताउनुभयो ।



“वर्षौंसम्म त्यही निकायमा काम गरेको सक्षम मान्छेलाई जिम्मेवारी दिइँदा प्रशंसा गर्नुपर्नेमा त्यो नगरी प्रशंसा नगर्नुपर्नेलाई झुठा प्रशंसा गरिएको छ। गाली नगर्नुपर्नेलाई गाली गरिएको छ।” प्रधानमन्त्री ओलीले भन्नुभयो, “आन्दोलनका नाममा के के हुँदैछ भनेर आतङ्क सृजना गर्न खोजिएको छ । चैत १५ गते काठमाडौँका दुई स्थानमा हुने भनिएको जुलुस र सभा हुन्छ। सकिन्छ। हुने त्यत्ति हो। यसलाई तिललाई पहाड बनाउनुपर्ने केही छैन।”

प्रधानमन्त्री ओलीले औपनिवेसिक र सामन्तवादी स्थितिले सिङ्गै नेपाली समाज पछाडि परेको र त्यसमा पनि महिलाहरुलाई झन् पछाडि पारिएको स्थितिमा सङ्घर्ष र बलिदानको परिणामबाट समाज परिवर्तन र विकासको यात्रामा अघि बढेको बताउनुभयो । उहाँले पञ्चायती शासनकालमा निकै पछाडि परेको मुलुक अहिले चौतर्फी विकासको क्रममा अघि बढेको र खासगरी आफूले सरकारको नेतृत्व गरेका समयमा ठूला र रणनीतिक महत्वका आयोजना अघि बढेकाले निराश हुनुपर्ने अवस्था नरहेको स्पष्ट गर्नुभयो ।विहिबारदेखि यही चैत १८ गतेसम्म ललितपुरको हेरिटेज गार्डेनमा चल्ने मेलामा महिला उद्यमीद्वारा उत्पादित नेपाली वस्तुहरुको प्रर्दशनी राखिएको छ।

देश विकासका लागि सिङ्गै समाज अगाडि बढाउन राज्यले प्रयास गरिरहेको छ

प्रधानमन्त्री केपी शर्मा ओलीले देशको विकासका लागि सिङ्गै समाज अगाडि बढाउन राज्यले प्रयास गरिरहेको बताउनुभएको छ।

महिला उद्यमी महासङ्घ नेपालको आयोजनामा विहिबारबाट ललितपुरमा सुरु भएको आठौँ अन्तरराष्ट्रिय महिला उद्यमी व्यापार मेलाको उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले अनावश्यक कुरामा नअल्झिएर देश विकासमा लागिरहने प्रतिबद्धता व्यक्त गर्नुभयो।

“देशलाई पछि फर्काउन एउटा पक्ष लागिरहेको छ । दशपन्ध्र हजारको जुलुस निस्कँदैमा उत्पात केही हुँदैन, अहिले ९७ प्रतिशत जनताको घरमा विद्युत् पुगेको छ, विद्युत् उत्पादन बढाउने काममा अघि बढेका छौँ,” उहाँले भन्नुभयो।

युवा पुस्ताले सूचना प्रविधिको क्षेत्रमा राम्रो काम गरिरहेका भनी खुशी व्यक्त गर्दै प्रधानमन्त्री ओलीले भन्नुभयो ,“आजको समय कम्प्युटरको समय हो, एआई प्रविधिको समय हो, महिलाहरुले पनि धेरै काम गर्नुभएको छ, आजको मेला महिलामा पनि आमाहरुको मेला हो, अब छोरी पुस्ताले पनि उद्यमशीलतामा ध्यान दिनुपर्छ, दिदीबहिनीका प्रयासलाई म धन्यवाद भन्न चाहान्छु।”

जकडिएर रहेका केही सामन्ती सोच र व्यवहारका कारण देश अगाडि बढ्न नसकेको चर्चा गर्दै उहाँले भन्नुभयो, “बाह्य रुपमा कायम रहेको उपनिवेश, देशभित्रै रहेको सामन्ती प्रथा, वर्णाश्रम व्यवस्थाले दबाइएको परिस्थितिका कारण हाम्रो समाज अगाडि बढ्न सकेन, महिलालाई शिक्षादीक्षा दिनुहुँदैन भन्ने सामन्ती सोच थियो, खुसी हुन पनि नपाइने समाज थियो, महिलालाई पछाडि पारेपछि देशको विकास नहुने नै भयो।”रासस

## ‘भूमीसम्बन्धी अधिकार प्रदेशलाई दिए समस्या समाधान हुन्छ’

कैलाली। सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले भूमिसम्बन्धी अधिकार प्रदेश सरकारलाई दिएमा तीन वर्षभित्र समस्या समाधान हुने बताउनुभएको छ।

भूमि समस्या सामाधान आयोग कैलालीले मंगलबार धनगढीमा आयोजना गरेको आयोगका कामसम्बन्धी स्थानीय तहका पदाधिकारीहरूका लागि अभिमुखीकरणमा उहाँले प्रदेश सरकारलाई भूमिसम्बन्धी अधिकारप्राप्त भएमा यहाँका भूमिसम्बन्धी समस्या चाँडै समाधान गर्ने बताउनुभयो।

मुख्यमन्त्री शाहले एकैठाउँमा अधिकार भएका कारण समस्या भएको उल्लेख गर्दै सङ्घीय सरकारले



अधिकारलाई विकेन्द्रीकृत गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले सङ्घीयतासँग जोडिएका कानुन तत्काल बन्नुपर्ने र त्यसो भएमा प्रदेश सरकारलाई विविध समस्या समाधान गर्न सहज हुने बताउनुभयो। रासस

# मन्त्री यादव र नेपालका लागि जापानका राजदूत तोरूबीच भेटवार्ता

काठमाण्डु । खानेपानीमन्त्री प्रदीप यादव र नेपालका लागि जापानका राजदूत माएदा तोरूबीच विहिबार शिष्टाचार भेटवार्ता भएको छ । उक्त भेटवार्तामा मन्त्री यादवले जापानका लगानीकर्तालाई नेपालमा लगानीका लागि थप प्रोत्साहन गर्न आग्रह गर्नुभएको थियो।

मन्त्री यादवले नेपालको विकासका प्राथमिकताका क्षेत्रमा जापानी लगानी भित्र्याउने अपार सम्भावना रहेको बताउँदै जापानका लगानीकर्तालाई नेपालमा लगानी गर्न प्रेरित गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, “नेपाल सरकारले विदेशी लगानीकर्ताको लगानीको सुरक्षा सुनिश्चित गर्ने प्रतिवद्धता व्यक्त गर्दछ । जापानी लगानीकर्तालाई नेपालमा लगानी गर्न सहज वातावरण बनाउन हामी कटिबद्ध छौँ।”

मन्त्री यादवले नेपाल-जापान सम्बन्ध ऐतिहासिक रूपमा प्रगाढ रहेको उल्लेख गर्दै सन् १९५६ मा स्थापना भएको कूटनीतिक सम्बन्ध यतिखेर थप बलियो र मैत्रीपूर्ण बन्दै गएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, “भूकम्पलगायत विभिन्न प्राकृतिक विपद्मा जापानी



जनता, सरकार, गैरसरकारी संस्था र विश्वविद्यालयबाट प्राप्त सहयोगप्रति नेपाल सरकार तथा नेपाली जनता आभारी छन्। नेपालले सदैव जापानसँगको आपसी हित र सहकार्यलाई उच्च महत्तव दिँदै आएको छ।”

मन्त्री यादवले जापान सरकारले विगतदेखि नेपालका खानेपानी परियोजनामा महत्त्वपूर्ण सहयोग गर्दै आएको उल्लेख गर्दै सन् १९७६ देखि पाल्पाको तानसेन खानेपानी परियोजना, सन् १९९३ मा काठमाडौँको महाङ्कालचौरमा पानी प्रशोधन केन्द्र निर्माण तथा सन् २०१८ मा मेलम्ची खानेपानी आयोजनाअन्तर्गत प्रशोधन केन्द्र निर्माणमा जापानी अनुदान रहेको जानकारी गराउनुभयो । त्यस्तै, पोखरा महानगरपालिकाको खानेपानी सुधार परियोजना तथा हालै विराटनगर महानगरपालिकामा सञ्चालित खानेपानी सुधार कार्यमा पनि जापान सरकारको सहयोग रहेको भन्दै उहाँले जापान सरकारलाई विशेष धन्यवाद दिनुभएको थियो।

सोही अवसरमा राजदूत तोरूले जापान सरकार नेपालमा विगतदेखि विभिन्न विकासका परियोजनामा संलग्न रहँदै आएको बताउँदै आगामी दिनमा पनि नेपालमा शिक्षा, स्वास्थ्य, खानेपानीलगायत क्षेत्रमा निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, “नेपाल र जापानबीचको मैत्रीपूर्ण सम्बन्धलाई अझ सुदृढ बनाउने उद्देश्यले हामी नेपाल सरकारसँग सहकार्य गर्दै जानेछौँ।”रासस

# सबैको सहमतिमा संविधान संसोधन हुन्छ : गृहमन्त्री लेखक

भैरहवा। गृहमन्त्री तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य रमेश लेखकले संविधान संशोधन जस्तो कुरा दुई तिहाईले मात्र नभई सबै पार्टी र सरोकारवालासँगको व्यापक छलफलपछि सहमतिको वातावरण बनाएर मात्र संशोधन गरिने बताउनुभएको छ।

नेपाली कांग्रेस रूपन्देही क्षेत्र नम्बर ३ ले विहिबार भैरहवामा आयोजना गरेको भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा मन्त्री लेखकले संविधानमा संशोधनमा सबैको सहमतिको आवश्यकता औँल्याउनुभयो।

संविधान बनेको १० वर्ष भएको उल्लेख गर्दै उहाँले यसको अभ्यासको क्रममा राम्रा पक्ष र जटिलता देखिएका पक्षमा समीक्षा गर्न आवश्यक रहेको बताउनुभयो । आवधिक रूपमा संविधानको समीक्षा गर्नुपर्ने उहाँको भनाइ थियो।

“हामीले संविधानको अभ्यास भएको १० वर्षमा सकारात्मक पक्ष के रहे र कहाँ, कहाँ जटिलता र समस्या छन् भनेर पहिचान गर्नु पर्छ”, मन्त्री लेखकले भन्नुभयो, “समस्या पहिचानपछि संविधान निर्माण गर्न जति पार्टी थिए, अहिले संविधानसभामा जति पार्टी छन्, ती पार्टीहरुका बीचमा व्यापक संवाद र छलफल गरी सहमतिको आधारमा संशोधन हुन्छ।”

गृहमन्त्री लेखकले मुलुक फेरि निरङ्कुशता र तानाशाहीतर्फ नजाने बताउनुभयो । नेपाल निरङ्कुश र तानाशाही व्यवस्था फालेर लोकतान्त्रिक व्यवस्थामा अगाडि बढिसकेको उहाँले उल्लेख गर्नुभयो। “सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा समाज अगाडि बढी सकेपछि फेरि त्यो समाज निरङ्कुशता र तानाशाहीतर्फ फर्केर जान्छ भन्ने कुरा समाज विकास विज्ञानले मान्दैन”, मन्त्री लेखकले भन्नुभयो, “हामीले गर्नुपर्ने काम जति गर्नुपर्थ्यो गर्न सकेका छैनौँ, हुनुपर्ने काम भएका छैनन् ।रासस


# Invitation for Bids

## Dhanushadham Municipality
## Office of Municipal Executive
## Dhanushadham, Dhanusha

## Invitation for Bids for the Construction of School Building Shree Dhanush Janta Madhyamik Bidyalay Dhanushadham, Dhanusha

**Contract Identification No: DM/06/Works/081-082**

**Date of publication: 2081-12-15**

1. Dhanushadham Municipality ,Office of municipal Executive,Dhanushadham,Dhanusha invites electronic bids from Nepalese eligible bidders for the Construction of School Building Shree Dhanush Janta Madhyamik Bidyalay Dhanushadham, Dhanusha under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information ,visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder submit their bid electronically download the bidding documents for e-submission from PPMO’s Web Site www.bolpatra.gov.np./egp,.Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project’s Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

**For Purchase of Bid document**

**Name of the Bank:** NIC Asia Bank,Dhanushadham Branch

**Name of Office:** Dhanushadham municipality

**Office Code no. :**

**Office Account no.:** 0312050025358004

**For cash Bank guarantee**

**Name of the Bank:** NIC Asia Bank, Dhanushadham Baranch

**Name of Office:** Dhanushadham municipality

**Office Code no.:**

**Office Account no.:** 0312050025358014

4. Municipality has right to accept or reject fully or partially without any reason.All the procurement process will be according to procuremnt act 2063 and regulation 2064.

| S. N. | Description Of works | Estimated Amount Nrs. | Bid document Fee Nrs. | Bid security Fee Nrs. | Last date of bid Submission | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Construction of School Building Shree Dhanush Janta Madhyamik Bidyalay Dhanushadham,Dhanusha (DM/06/Works /081-082) | 62,16,180.66 without vat and contingencies | 3000/- | 2,13,000/- | 2082-01-14 at 12:00 hrs | only E-Bid |

**नोट** :- धनुषाधाम नगरपालिकाको कार्यालय धनुषाधाम बाट मिति २०८१/१२/१३ गतेको दिन जनकपुर टुडेमा प्रकाशित सुचना Contract Identification No: DM/06/Works/081-082, Construction of School Building Shree Dhanush Janta Madhyamik Bidyalay Dhanushadham, Dhanusha को Bid समय सिमा भित्र PPMO मा अपलोड हुनुपर्नेमा PPMO को Server Down रहेको कारण Bid Upload हुन नसकेको हुदा Contract Identification No: DM/06/Works/081-082 को Bid मिति २०८१/१२/१५ गतेको दिन प्रकाशित भएको व्यहोरा जानकारीको लागी अनुरोध छ।

**प्रमुख प्रशासकीय अधिकृत**

# विदेशी सवारी साधनमा २५ प्रतिशत थप कर लगाउने ट्रम्पको घोषणा

**ट्रम्पले हालैका केही करका लागि आपतकालीन आर्थिक शक्तिको प्रयोग गर्नुभएको छ भने उहाँको अटो लेभी सन् २०१९ मा पूरा भएको सरकारी अनुसन्धानमा आधारित छ ।**

एएफपी

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अटो आयात र पार्टपूर्जामा चर्को कर लगाउने घोषणा गर्नुभएको छ। अमेरिकाका व्यापारिक साझेदारहरूले ट्रम्पको पछिल्लो कर नीतिको प्रतिकार गर्ने चेतावनी दिएका छन्।ट्रम्पको बुधबार अपरान्हको घोषणाअघि वाल स्ट्रिटमा गिरावट आएको छ भने विश्वको सबैभन्दा बढी बिक्री हुने अटोमेकर टोयोटाको मूल्य तीन प्रतिशतभन्दा बढीले घटेको छ।

जापानका प्रधानमन्त्री शिगेरु इशिबाले टोकियोले 'सबै प्रकारका प्रतिकारात्मक उपायहरू विचार गरिरहेको' बताउनुभएको छ भने क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले ट्रम्पको करलाई आफ्नो देशका कामदारहरूमाथि 'सीधा आक्रमण' को संज्ञा दिनुभएको छ।



ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला डा सिल्भाले पनि आफ्नो देश 'स्थिर रहन नसक्ने' बताउनुभएको छ । ओभल अफिसमा आदेशमा हस्ताक्षर गर्दै ट्रम्पले भन्नुभयो, "संयुक्त राज्य अमेरिकामा नबनेका सबै कारहरूमा २५ प्रतिशत कर लाग्ने गरी हामीले निर्णय लिएका छौँ।"

घोषणामा भनिएको छ, "यो शुल्क अमेरिकी समय अनुसार अप्रिल ३ राति १२:०१ बजे पछि लागू हुनेछ र यसले विदेशमा निर्मित कार र हल्का ट्रकहरूलाई असर गर्नेछ । अटोमोबाइलका मुख्य पार्टपुर्जाहरू पनि एक महिनाभित्रै प्रभावित हुनेछन् ।"ट्रम्पले क्यानडा र युरोपेली सङ्घले संयुक्त राज्य अमेरिकालाई 'आर्थिक क्षति' पुऱ्याउन मिलेर काम गरेमा 'हालको योजना भन्दा धेरै ठूलो मात्रामा कर लगाउने चेतावनी दिनुभएको छ।

ट्रम्पका व्यापार र उत्पादनका लागि वरिष्ठ परामर्शदाता पिटर नाभारोले ट्रम्पको घोषणापछि पत्रकारसँगको एक साक्षात्कारमा 'विदेशी व्यापार छली' को आलोचना गर्दै यसले अमेरिकाको विनिर्माण क्षेत्रलाई 'न्युन ज्यालामा काम गर्ने विदेशीका लागि सुरक्षित गरेको बताउनुभयो।

उहाँले जर्मनी र जापानले उच्च मूल्यका पार्टपुर्जाको निर्माणलाई आफ्नो देशमा नै केन्द्रित गरेको र सस्तो उपकरण निर्यात गरेको भन्दै आलोचना गर्नुभयो । वासिङ्टनको करले ट्रम्पका सहयोगी तथा टेस्लाका मालिक एलन मस्कले आफ्नो फर्मको कारमा लागत प्रभावलाई 'प्रभाबित' नगरेको बताउनुभएको थियो।

गत जनवरीमा आफ्नो दोस्रो कार्यकाल सुरु गरेदेखि ट्रम्पले अमेरिकाका प्रमुख व्यापारिक साझेदार क्यानडा, मेक्सिको र चीनबाट आयात हुने सामानमा नयाँ कर लगाउनुका साथै स्टिल र आल्मुनियममा २५ प्रतिशत कर लगाउनुभएको छ। नयाँ करहरू उत्पादनहरूको लागि पहिले नै लगाइएका करको अतिरिक्त कर हुनेछ तर ह्वाइट हाउसले अमेरिका-मेक्सिको-क्यानडा सम्झौता (यूएसएमसीए) अन्तर्गत प्रवेश गर्ने सवारी साधनले आफ्नो अमेरिकी सामग्रीको आधारमा कम दरका लागि योग्य हुन सक्ने बताएको छ । ट्रम्पको व्यापार योजनामा अनिश्चितता र यसले मन्दी निम्त्याउन सक्ने चिन्ताले वित्तीय बजारलाई तरंगित बनाएको छ र हालैका महिनाहरूमा उपभोक्ताको विश्वास पनि घटेको छ। ट्रम्पको घोषणा अघि नै जनरल मोटर्स र स्टेलेन्टिसको शेयर तीन प्रतिशतभन्दा बढीले घटेको थियो।

जापानमा कार निर्माता कम्पनी निसानले २.५ प्रतिशत, होन्डाले ३.१ प्रतिशत र मित्सुबिशी मोटर्सले ४.५ प्रतिशतले गुमाएका छन् भने माज्दा र सुबारुले करिब छ प्रतिशतले शेयर मूल्य गुमाएका छन् । दक्षिण कोरियाको हुण्डाई कम्पनी सियोलमा २.७ प्रतिशतले पछि परेको छ।

ट्रम्पले सरकारी राजस्व बढाउने र अमेरिकी उद्योगलाई पुनर्जीवित गर्ने तरिकाको रूपमा करहरूको बचाउ गर्नुभएको छ । तर आयातित कारलाई लक्षित गर्दा जापान, दक्षिण कोरिया, क्यानडा, मेक्सिको र जर्मनीजस्ता नजिकका साझेदारहरूसँगको सम्बन्ध बिग्रन सक्छ।

एसिया सोसाइटी पोलिसी इन्स्टिच्युटका उपाध्यक्ष तथा पूर्व अमेरिकी व्यापार वार्ताकार वेन्डी कटलरले भन्नुभयो, "आयातित कारमा २५ प्रतिशत कर लगाउँदा हाम्रा धेरै नजिकका व्यापारिक साझेदारमा विनाशकारी असर पर्नेछ ।" उहाँले वासिङ्टनले केही प्रभावित पक्षसँग स्वतन्त्र व्यापार सम्झौता गरेको र व्यापार सम्झौताअन्तर्गत अमेरिकी प्रतिबद्धताको मूल्यमा प्रश्न उठाएको बताउनुभएको छ । संयुक्त राज्य अमेरिकामा बिक्री हुने लगभग ५० प्रतिशत कारहरू देशभित्र निर्मित हुन्छन्। आयातमध्ये आधा मेक्सिको र क्यानडाबाट आयात हुन्छ, जापान, दक्षिण कोरिया र जर्मनी पनि प्रमुख आपूर्तिकर्ता हुन्।

ह्वाइट हाउसका एक अधिकारीका अनुसार अमेरिकामा निर्मित कारमध्ये आधाभन्दा बढी विदेशमा 'एसेम्बल' गरिएका हुन्छन् । फोर्ड, जनरल मोटर्स र स्टेलान्टिसको प्रतिनिधित्व गर्ने डेट्रोइटका 'बिग थ्री' कार उत्पादकको ' अमेरिकन अटोमोटिभ पोलिसी काउन्सिल'ले कर वृद्धिका बारेमा सावधानीपूर्वक एक वक्तव्य जारी गर्दै यो नीतिले अमेरिकी अटो उत्पादनलाई बढावा दिने आशा व्यक्त गरेको छ। ट्रम्पले अप्रिल २ मा विश्वको सबैभन्दा ठूलो अर्थतन्त्रका लागि तथाकथित 'मुक्ति दिवस' मनाउनुअघि बुधबारको घोषणा आएको हो।

उहाँले वासिङ्टनले अनुचित ठानेका अभ्यासहरूको सुधार गर्न विभिन्न व्यापारिक साझेदारहरूको अनुरूप पारस्परिक करहरूको प्रतिज्ञा गर्नुभएको छ। बुधबार उहाँले यी शुल्कले सबै देशलाई असर गर्ने बताउनुभएको थियो । ट्रम्पले हालैका केही करका लागि आपतकालीन आर्थिक शक्तिको प्रयोग गर्नुभएको छ भने उहाँको अटो लेभी सन् २०१९ मा पूरा भएको सरकारी अनुसन्धानमा आधारित छ ।अत्यधिक आयातले आन्तरिक अर्थतन्त्रलाई कमजोर बनाएको र यसले राष्ट्रिय सुरक्षामा खलल पुऱ्याउन सक्ने अनुसन्धानले देखाएको छ।

## प्रधानमन्त्री कप क्रिकेटः
# मधेशद्वारा बाग्मती पराजित




भैरहवा । प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत लिग चरणको अन्तिम खेलमा मधेश प्रदेशले कोशी प्रदेशलाई चार विकेटले पराजित गरेको छ।

बाग्मती प्रदेशले दिएको २६० रनको लक्ष्य मधेस प्रदेशले ४६.१ ओभरमा ६ विकेट गुमाउँदै हासिल गऱ्यो।

मधेशका लागि कप्तान अनिलकुमार साहले सर्वाधिक अविजित ७० रन बनाए । उनले ५३ बलको सामना गर्दै सात चौका र दुई छक्का प्रहार गरे। साथै रोहन विश्वकर्माले ३९, हरिशङ्कर साहले ३३, पवन सर्राफले ३१ र रुपेश सिंहले अविजित २५ रन बनाए।

बाग्मती प्रदेशका लागि सूर्य तामाङले दुई विकेट लिए भने रिजन ढकाल, गौतम केसी, विपिन आचार्य र इशान पाण्डेले समान एक/एक विकेट लिए । यसअघि भैरहवास्थित सिद्धार्थ क्रिकेट रङ्गशालामा टस हारेर पहिले ब्याटिङ गरेको बाग्मतीले इशान पाण्डेको शतकीय पारीमा आठ विकेट गुमाउँदै २५९ रन बनाएको थियो। बाग्मतीका लागि इशानले १२७ बल खेल्दै १४ वटा चौकाको सहयोगमा ११४ रन बनाए। उसका लागि रिजन ढकाल र विवेक मगरले समान ३०/३० रन बनाउँदा विपिन आचार्यले २७ रन बनाए।

मधेशका लागि हरिशङ्कर साह, पवन सर्राफ र अनिल साहले समान दुई/दुई विकेट लिए । प्रतियोगितामा चार जित र पाँच हारसहित आठ अङ्कले सातौँ स्थानमा छ भने चार जित र पाँच हारसहित बाग्मती अङ्कतालिकाको चौथो स्थानमा छ। उपाधिका लागि भैरहवास्थित सिद्धार्थ क्रिकेट रङ्गशालामा नेपाल पुलिस क्लब र त्रिभुवन आर्मी क्लबबीच खेल हुनेछ।रासस

## महिला एसियन कप-२०२६ छनोटः
# नेपाल समूह एफमा



काठमाण्डु । एसियाली फुटबल महासङ्घ (एएफसी) महिला एसियन कप-२०२६ छनोटमा नेपाल समूह 'एफ'मा परेको छ। महासङ्घले मलेसियाको क्वालालम्पुरस्थित एएफसी हाउसमा विहिबार सर्वजनिक गरेको समूह विभाजनमा नेपाल ' एफ'मा परेको हो।

नेपालको समूहमा उज्बेकिस्तान, लाओस र श्रीलङ्का छन् । आगमी जुन महिनामा समूह 'एफ'को छनोट खेल उज्बेकिस्तानमा हुनेछ। नेपालले आफ्नो समूहमा शीर्षस्थान हात पार्न सके पहिलो पटक एसियन कप खेल्नेछ। एएफसी महिला एसियन छनोटमा विभिन्न ३४ देशलाई आठ समूहमा विभाजन गरिएको छ । जसमा हरेक समूहको विजेताले अष्ट्रेलियामा हुने एसियन कप खेल्नेछन् । एसियन कप सन् २०२६ मार्चमा अष्ट्रेलियामा हुँदैछ।रासस

# अमेरिकासँग अप्रत्यक्ष आणविक वार्ता गर्न खुला : इरान

एएफपी

तेहरान। राष्ट्रपति डोनाल्ड ट्रम्पले नयाँ आणविक सम्झौताका लागि वार्ता गर्न माग गर्नुभएपछि इरानले सोमबार अमेरिकासँग अप्रत्यक्ष वार्ताका लागि खुला रहेको बताएको छ।

"जबसम्म इरानप्रति अर्को पक्षको दृष्टिकोणमा परिवर्तन हुँदैन, अप्रत्यक्ष वार्ताका लागि बाटो खुला छ", प्रत्यक्ष वार्ताको सम्भावनालाई अस्वीकार गर्दै विदेशमन्त्री अब्बास अराघचीले भन्नुभयो। उहाँका अनुसार तेहरानले धम्कीको अधीनमा र जबसम्म ट्रम्पले आफ्नो 'अधिकतम दबाब' नीति कायम राख्नुहुन्छ तबसम्म वासिङ्टनसँग प्रत्यक्ष वार्तामा संलग्न हुनेछैन।

राष्ट्रपतिका रूपमा आफ्नो पहिलो कार्यकालमा त्यो नीतिअन्तर्गत ट्रम्पले सन् २०१८ मा इरानको आणविक कार्यक्रममा भएको ऐतिहासिक सम्झौताबाट अमेरिकालाई फिर्ता लिनुभयो र तेहरानमाथि प्रतिबन्धहरू चेतावनी दिन पत्र लेखेको बताउनुभएको थियो।

संयुक्त अरब इमिरेट्सका राष्ट्रपतिका सल्लाहकार अनवर गर्गसले मार्च १२ मा तेहरानलाई यो पत्र दिनुभएको इरानी समाचार एजेन्सी फार्सले त्यसबेला रिपोर्ट गरेको थियो।शुक्रबार खामेनीले अमेरिकी धम्कीहरूले 'उनीहरूलाई कतै पुऱ्याउने छैन' भन्नुभएको थियो र इरानविरुद्ध 'यदि उनीहरूले केही हानिकारक गरे' भने पारस्परिक उपायहरूको चेतावनी दिनुभएको थियो।

बिहीबार अराघचीले ट्रम्पको पत्र 'धेरै धम्कीपूर्ण' भएको तर यसले केही अवसरहरू पनि खोल्न सक्छ भन्नुभयो। तेहरानले चाँडै जवाफ दिने बताएको छ।मध्यपूर्वका लागि अमेरिकी दूत स्टिभन विटकफले शुक्रबार प्रकाशित एक अन्तर्वार्तामा ट्रम्पको लक्ष्य इरानसँग विश्वास निर्माण गरेर सैन्य द्वन्द्वबाट बच्नु



पुनःस्थापित गर्नुभयो।सन् २०१५ मा तेहरान र पश्चिमी शक्तिहरूबीच भएको सम्झौताले इरानलाई प्रतिबन्ध राहतको बदलामा आफ्नो आणविक महत्त्वाकांक्षा सीमित गर्न आवश्यक थियो।

संयुक्त राज्य अमेरिकासहितका पश्चिमी देशहरूले लामो समयदेखि इरानलाई आणविक हतियारको खोजी गरेको आरोप लगाएका छन्। उक्त आरोपलाई तेहरानले अस्वीकार गर्दै यसको संवर्धन गतिविधिहरू शान्तिपूर्ण उद्देश्यका लागि मात्र भएको दाबी गरेको छ।मार्च ७ मा ट्रम्पले इरानका सर्वोच्च नेता आयतोल्ला अली खामेनीलाई आणविक वार्ताको आह्वान गर्न र तेहरानले अस्वीकार गरेमा सम्भावित सैन्य कारबाहीको रहेको बताउनुभयो। उहाँले पत्र धम्कीको रूपमा अभिप्रेरित नभएकामा जोड दिनुभयो।

इरानको सन् १९७९ को इस्लामिक क्रान्तिले पश्चिमी समर्थित शाहलाई अपदस्थ गरेपछि तेहरान र वासिङ्टनले कूटनीतिक सम्बन्ध तोडेका थिए। त्यसबेलादेखि तेहरानमा रहेको स्विस दूतावासले दुई देशबीच सञ्चारलाई सहज बनाएको छ।खाडी राज्य ओमानले पनि तथाकथित 'मस्कट प्रक्रिया' मार्फत इरानको आणविक मुद्दामा अप्रत्यक्ष वार्ता मध्यस्थता गरेको छ। यसलाई अराघचीले अक्टोबरमा 'हाललाई रोकिएको छ' भन्नुभएको थियो।

# चीनसँगको सम्बन्ध थप प्रगाढ बनाउने फ्रान्सको भनाइ

एएफपी

बेइजिङ। फ्रान्सका विदेशमन्त्री ज्याँ नोएल ब्यारोटले बिहीबार चिनियाँ समकक्षी वाङ यीसँग भेट गर्दै भूराजनीतिक सङ्कटको सामना गर्न 'फ्रान्स र चीनबीच सशक्त साझेदारी' का लागि आह्वान गर्नुभएको छ। युक्रेनमा रुसी युद्धको समाधानका साथै मध्यपूर्वको द्वन्द्व र चीन र युरोपेली सङ्घबीचको व्यापार तनावको समाधानमा वार्ता केन्द्रित हुने पेरिसले अपेक्षा गरेको छ।

ब्यारोटले बिहीबार बिहान बेइजिङमा चीनका उच्च कूटनीतिज्ञ वाङलाई भेटेर भन्नुभयो, "जतातत‌ै सङ्कटको गति तीव्ररूपमा बढिरहेको छ। यतिवेला चीन र फ्रान्सबीचको सहकार्य सशक्त हुनु जरूरी छ।" कोरियाली प्रायद्वीप र युक्रेनमा बेइजिङ र पेरिसबीच 'मतभेद' रहेको स्वीकार गर्दै उहाँले भन्नुभयो, "हाम्रा दुई देशले मिलेर काम गर्नुपर्छ।" "राजनीतिक, आर्थिक र सुरक्षा चुनौतीहरूको सामना गर्दै द्रूत गतिमा नयाँ युरोप उदय भइरहेको छ। यसको एकमात्र मार्गनिर्देश रणनीतिक स्वायत्तता हो," उहाँले भन्नुभयो।

"यो नयाँ युरोपले आफ्नो रक्षा, ऊर्जा सुरक्षा र भविष्यका प्रविधिहरूमा ठूलो लगानी गरिरहेको छ," ब्यारोटले भन्नुभयो। उहाँले भन्नुभयो, "आफ्नो हित र मूल्यमान्यताको रक्षाका लागि फ्रान्स विशेष सजग रहनेछ ।"भेटमा चिनियाँ कुटनीतिज्ञ वाङले 'अन्तर्राष्ट्रिय परिस्थिति फेरि परिवर्तन भएको र यो अझ अराजक हुने' चेतावनी दिनुभएको थियो।

उहाँले दुवै देशलाई ' बहुपक्षीयताको पालना गर्न' र ' विश्व शान्ति र विकासका लागि मिलेर काम गर्न' आग्रह गर्नुभयो । ब्यारोटले चीनमा रहेका फ्रान्सेली विदार्थीहरूसँगको भेटमा भन्नुभयो, "वर्तमान सन्दर्भमा भूराजनीतिक स्थिरता, समृद्धि र हाम्रो ग्रहको भविष्यको सेवामा शक्तिशाली फ्रेन्को-चिनियाँ साझेदारीको पहिलेभन्दा बढी आवश्यकता छ," उहाँले विद्यार्थीहरूलाई भन्नुभयो।

चीनले यस साताको ब्यारोटको भ्रमणले 'अशान्ति र रूपान्तरण'को सामना गरिरहेको विश्वमा दुई देशबीचको सहकार्यलाई अझ प्रगाढ बनाउने आशा व्यक्त गरेको छ।जनवरीमा ह्वाइट हाउसमा फर्केका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पप्रति सङ्केत गर्दै दुवै पक्षले ' एकपक्षीयता र जङ्गलको कानुनको पुनरुत्थान' को संयुक्त रूपमा प्रतिरोध गर्ने उपायबारे छलफल गर्ने बताइएको छ।

# अमेरिकी 'सेकन्ड लेडी' उषा भान्स

बीबीसी

काठमाण्डु । उषा भान्स संयुक्त राज्य अमेरिकाका उपराष्ट्रपति जेडी भान्सकी पत्नी हुन्। 'सेकन्ड लेडी'ले ह्वाइट हाउसको केन्द्रमा नभई किनारामा जीवन व्यतीत गर्ने परम्परा छ। आफू कहिल्यै चर्चामा आउन नखोज्ने स्वभावकी उषालाई उक्त भूमिका उपयुक्त हुन सक्छ।यद्यपि उनका साथीहरूका अनुसार हाल ३९ वर्षकी भान्सले आफ्ना पति अमेरिकी उपराष्ट्रपति जेडी भान्सको तीव्र राजनीतिक उदयमा उल्लेख्य सहयोगी भूमिका निर्वाह गरेकी छन्।

आफ्ना श्रीमान् शक्तिमा उदय हुँदा उनी कहिलेकाहीँ सञ्चारमाध्यमको नजरमा पनि पर्छिन्। ग्रीनल्यान्डको विवादास्पद पूर्वनिर्धारित भ्रमणका क्रममा पनि यस्तै भयो। आप्रवासी आमाबुवाकी परिश्रमी छोरीका रूपमा उषा भान्स केम्ब्रिजका गल्लीदेखि येल र अमेरिकी सर्वोच्च अदालत हुँदै आफ्नो सार्वजनिक जीवनको शिखरमा पुगेकी छन्। धेरै प्रशंसकका लागि उषा भान्स 'अमेरिकी सपना'की एक जीवित अवतार हुन्। उनका ४० वर्षे श्रीमान् पनि उनको गज्जबको योग्यता देखेर चकित पर्छन्। ओहायोका पूर्वसांसद भान्सले आफ्नी श्रीमतीको उपलब्धिले आफूलाई पनि "नम्र" महसुस गराउने बताएका छन्। माइतीतर्फ 'नी चिलुकुरी' नामबाट बोलाइने उषा भान्सको जन्म क्यालिफोर्नियाको सान डिएगोमा एउटा कामकाजी परिवारमा भएको थियो। उनका बुवा मेकानिकल इन्जिनियर र आमा मलेक्युलर बायोलोजिस्ट थिए। भान्सकी



आमा भारतको आन्ध्र प्रदेशबाट अमेरिका पुगेकी थिइन्।

उषाले येल विश्वविद्यालयबाट इतिहासमा स्नातकसम्मको अध्ययन गरिन्। त्यसपछि उनले केम्ब्रिज विश्वविद्यालयबाट आधुनिक इतिहासमा एमफिल अध्ययन सकिन्। उपराष्ट्रपति भान्ससँग उनको भेट सन् २०१० मा येल ल स्कूलमा विद्यार्थीका रूपमा भएको थियो। त्यहाँ "श्वेत अमेरिकामा सामाजिक स्खलन" नामक छलफल समूहमा उनीहरूको चिनजान भयो।त्यो भेट र चिनजानले उनका भावी श्रीमान्‌लाई सन् २०१६ मा प्रकाशित भएको 'हिलबिली एलजी' पुस्तक प्रकाशनका लागि प्रेरित गऱ्यो। 'यूएस रस्ट बेल्ट' भनिने कामकाजी श्वेत अमेरिकीहरू बस्ने क्षेत्रमा हुर्किएका उनको बाल संस्मरणमा आधारित यो पुस्तक सर्वाधिक बिक्री हुने पुस्तकको सूचीमा पनि परेको थियो।

सन् २०२० मा रोन होवार्डले उक्त पुस्तकमा आधारित चलचित्र निर्देशन गरेका थिए। उनको पुस्तकमा भान्सले येलमा उषासँग उनी कसरी "मोहित" भएका थिए भन्ने कुरा खुलाएका छन्। उनले उषासँग कैयौँ उत्कृष्ट गुणहरू रहेको भन्दै उनलाई "पृथक् आनुवंशिक विशेषता" भएकी महिलाको रूपमा तारिफ गरेका छन्।भान्सले एउटा भेटघाटपछि नै प्रेममा परेको कुरा उनलाई सुनाएर आफूले कसरी "आधुनिक डेटिङका हरेक नियमहरू उल्लङ्घन गरेका थिए" भन्ने पनि चर्चा गरेका छन्। सहपाठीहरू उनको सहयोगी भावनाका कारण उनी 'आईभी लीग' भनिने उच्च प्रतिस्पर्धाबाट छानिने अमेरिकी प्रतिष्ठित विश्वविद्यालयमा छनौट भएको स्मरण गर्छन्।

अहिले कानुनका एक जना प्राध्यापक रहेका चार्ल्स टेलरका अनुसार उषा आफैँले पनि चाहेको उच्च प्रतिष्ठित न्यायाधीशहरूको सहायक पदमा आवेदन कसरी दिने भनेर उनले अरू विद्यार्थीहरूलाई पनि सिकाइरहेकी हुन्थिन्। अर्का सहपाठीले उषा भान्ससँग अघि बढ्ने अठोटको कमी रहेको आफ्नो नाम उल्लेख नगर्ने सर्तमा बीबीसीसँग बताइन्।"उनी उत्कृष्ट विद्यार्थी थिइन्। हाम्रो कक्षाकै जान्नेमध्ये थिइन्," उनी भन्छिन्। "कहिलेकाहीँ त्यस्ता विद्यार्थी अरू विद्यार्थीहरूलाई किनारा लगाउन चाहन्छन्।"

"तर उनी कक्षाकोठाका आफ्ना नोटहरू सधैँ अरूसँग साट्थिन्। तिनीहरू राम्रोसँग व्यवस्थित, रङ्गहरूको सङ्केत लगाइएका र राम्रोसँग गरिएका हुन्थे।" टेलरका बुझाइमा उषा भान्ससँग आफ्ना श्रीमान्‌लाई प्रभावित गर्न सक्ने क्षमता थियो। यद्यपि उनीहरूबीच "समान स्तरको सम्बन्ध" रहेको उनी सुनाउँछन्।

अर्का सहपाठी पनि यो कुरामा सहमत छन्।"जेडीका लागि उनी आवाज ठूलो बनाउने माध्यम जस्तै थिइन्," उनी भन्छिन्। "उनी येलबाटै उनका लागि मार्गदर्शक थिइन्।" उषा भान्सको राजनीतिक झुकाव चाहिँ सधैँ अनुमानको विषय बन्ने गर्छ।

उनका श्रीमान्‌ले डेमोक्र्याटहरूविरुद्ध नाराहरू लगाइरहे पनि उनी एक दशकअघिसम्म डेमोक्र्याट पार्टीकै सदस्य थिइन्। गत बर्खासम्म पनि उनले काम गरिरहेको सान फ्रान्सिस्कोको वकालत कार्यालयको छवि "प्रगतिशील" थियो। यद्यपि उनले डिस्ट्रिक्ट अफ कोलम्बिया पुनरावेदन अदालतमा अहिलेका सर्वोच्च अदालतका न्यायाधीश रहेका ब्रेट कभनोको सहायक भएर पनि केही समय काम गरेकी थिइन्। त्यसपछि उनले सर्वोच्च अदालतका प्रधानन्यायाधीश जोन रोबर्ट्सको सहायक भएर पनि काम गरिन्। दुवै जना न्यायाधीशहरू सर्वोच्च अदालतमा बहुमतमा रहेको कन्जर्भेटिभका खम्बा मानिन्छन्।शक्तिशाली यो जोडी परिवारको महत्त्वबारे भने धेरै सहमत भएजस्तो देखिँदैन।

उनीहरूको विवाह सन् २०१४ मा केन्टकीमा भयो र यो जोडीबाट दुई जना छोरा तथा एक जना छोरीसहित तीन सन्तान भए। गत अगस्टमा फक्स न्यूजसँग उषा भान्सले आफ्ना श्रीमान्‌ले आफ्नो हुर्काइका कारण घरलाई माया गर्ने सांस्कृतिक मान्यतालाई आंशिक रूपमा मात्रै जोड दिने गरेको बताएकी थिइन्।

तर आफूलाई परिवारबाट प्राप्त भएको सहयोगका कारण आफूले परिवारमा शान्ति र स्थायित्वका लागि काम गर्ने गरेको बताएकी थिइन।"किनभने मसँग मेरा पछाडि मानिसहरू थिए," उनले भनेकी थिइन्।

# यस्तो छ विदेशी मुद्राको विनिमयदर



काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले बिहीबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ ।

विहिबार अमेरिकी डलर केही घटेर एकको खरिददर १३६ रूपैयाँ ८४ पैसा र बिक्रीदर १३७ रूपैयाँ ४४ पैसा कायम भएको छ । बुधबार अमेरिकी डलर एकको खरिददर १३६ रूपैयाँ ९२ पैसा र बिक्रीदर १३७ रूपैयाँ ५२ पैसा कायम भएको थियो । युरोपियन युरो एकको खरिददर १४७ रुपैयाँ ६८ पैसा र बिक्रीदर १४८ रुपैयाँ ३३ पैसा कायम भएको छ । युरो पनि हिजोको भन्दा घटेको हो । बुधबार युरो एकको खरिददर १४८ रुपैयाँ १६ पैसा र बिक्रीदर १४८ रुपैयाँ ८१ पैसा कायम भएको थियो ।

यस्तै, युके पाउन्ड स्टर्लिङ र स्विस फ्र्याङ्कको विनिमयदर पनि घटेको छ । आज पाउन्ड स्टर्लिङ एकको खरिददर १७६ रूपैयाँ ५९ पैसा र बिक्रीदर १७७ रूपैयाँ ३७ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १५४ रूपैयाँ ९० पैसा र बिक्रीदर १५५ रूपैयाँ ५८ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ८६ रूपैयाँ ५६ पैसा र बिक्रीदर ८६ रूपैयाँ ९४ पैसा, क्यानेडियन डलर एकको खरिददर ९६ रूपैयाँ ०१ पैसा र बिक्रीदर ९६ रूपैयाँ ४३ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०२ रूपैयाँ ३१ पैसा र बिक्रीदर १०२ रूपैयाँ ७६ पैसा निर्धारण गरिएको छ ।

यस्तै, जापानी येन १० को खरिददर नौ रूपैयाँ ११ पैसा र बिक्रीदर नौ रूपैयाँ १५ पैसा तोकिएको छ । चिनियाँ युआन एकको खरिददर १८ रूपैयाँ ८३ पैसा र बिक्रीदर १८ रूपैयाँ ९२ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रूपैयाँ ४८ पैसा र बिक्रीदर ३६ रूपैयाँ ६४ पैसा, कतारी रियाल एकको खरिददर ३७ रूपैयाँ ५४ पैसा र बिक्रीदर ३७ रूपैयाँ ७० पैसा कायम भएको छ ।केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिददर चार रूपैयाँ ०३ पैसा र बिक्रीदर चार रूपैयाँ ०५ पैसा, युएई दिराम एकको खरिददर ३७ रूपैयाँ २६ पैसा र बिक्रीदर ३७ रूपैयाँ ४२ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रूपैयाँ ८९ पैसा र बिक्रीदर ३१ रूपैयाँ ०३ पैसामा विनिमय हुनेछ ।

साउथ कोरियन वन १०० को खरिददर नौ रूपैयाँ ३५ पैसा र बिक्रीदर नौ रूपैयाँ ३९ पैसा, स्विडिस क्रोनर एकको खरिददर १३ रूपैयाँ ६२ पैसा र बिक्रीदर १३ रूपैयाँ ६८ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रूपैयाँ ८० पैसा र बिक्रीदर १९ रूपैयाँ ८८ पैसा तोकिएको छ ।

त्यस्तै, हङकङ डलर एकको खरिददर १७ रूपैयाँ ६० पैसा र बिक्रीदर १७ रूपैयाँ ६८ पैसा, कुवेती दिनार एकको खरिददर ४४३ रूपैयाँ ७४ पैसा र बिक्रीदर ४४५ रूपैयाँ ६८ पैसा, बहराइन दिनार एकको खरिददर ३६२ रुपैयाँ ९५ पैसा र बिक्रीदर ३६४ रूपैयाँ ५४ पैसा, ओमनी रियाल एकको खरिददर ३५५ रूपैयाँ ४५ पैसा र बिक्रीदर ३५७ रूपैयाँ ०१ पैसा रहेको छ । भारतीय रूपैयाँ १०० को खरिददर १६० रूपैयाँ र बिक्रीदर १६० रूपैयाँ १५ पैसा तोकिएको छ ।रासस

# सागसब्जी र फलफूलको थोक मूल्य यस्तो छ

काठमाण्डु । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले विहिबारका लागि कृषिउपजको थोक मूल्य निर्धारण गरेको छ । समितिका अनुसार तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो ।

गोलभैँडा ठूलो (नेपाली) प्रतिकिलो रु ४०, गोलभैँडा ठूलो (भारतीय) प्रतिकिलो रु ५०, गोलभैँडासानो(लोकल)प्रतिकिलो रु २०, गोलभैँडा सानो (तराई) प्रतिकिलो रु ३०, आलु रातो प्रतिकिलो रु ३५, आलु रातो (भारतीय) प्रतिकिलो रु ३५, प्याज सुकेको (भारतीय) प्रतिकिलो रु परबर (लोकल) प्रतिकिलो रु ९०, परबर (तराई) प्रतिकिलो रु ९०, चिचिण्डो प्रतिकिलो रु १००, घिरौला प्रतिकिलो रु ९०, झिगुनी प्रतिकिलो रु ८०, फर्सी पाकेको प्रतिकिलो रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकिलो रु ३०, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु ३०, सलगम प्रतिकिलो रु ६० तथा भिण्डी प्रतिकिलो रु १२० कायम गरिएको छ ।

यस्तै, सखरखण्ड प्रतिकिलो ७०, बरेला प्रतिकिलो रु ५०, पिँडालु प्रतिकिलो रु ९०, स्कूस प्रतिकिलो रु ५०, रायो साग प्रतिकिलो रु ९०, पालुङ्गो साग प्रतिकिलो ८०, चमसुरको साग



५५, गाजर (लोकल) प्रतिकिलो रु ५०, गाजर (तराई) प्रतिकिलो रु ३५, बन्दा (लोकल) प्रतिकिलो रु १५, बन्दा (तराई) प्रतिकिलो रु १५, बन्दा (नरिवल) प्रतिकिलो रु २०, काउली (स्थानीय) प्रतिकिलो रु ४०, स्थानीय काउली (ज्यापु) प्रतिकिलो रु ५०, मूला रातो प्रतिकिलो रु ५०, मूला सेतो (लोकल) प्रतिकिलो रु १५, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु २५, भन्टा लाम्चो प्रतिकिलो रु ३५ तथा भन्टा डल्लो प्रतिकिलो रु ५०, तने बोडीको मूल्य प्रतिकिलो रु १०० कायम गरिएको छ ।

यसैगरी, मटरकोसा प्रतिकिलो रु ७०, घिउ सिमी (लोकल) प्रतिकिलो रु ७०, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ७०, घिउ सिमी (राजमा) प्रतिकिलो रु १००, टाटे सिमी प्रतिकिलो रु ७०, तितो करेला प्रतिकिलो रु १००, लौका प्रतिकिलो रु ६०, रु ८०, तोरीको साग प्रतिकिलो रु ५०, मेथीको साग प्रतिकिलो रु ८०, प्याज हरियो प्रतिकिलो रु ५०, बकुला प्रतिकिलो रु ५०, तरुल प्रतिकिलो रु ९०, च्याउ (कन्य) प्रतिकिलो रु १४०, च्याउ (डल्ले) प्रतिकिलो रु २५० तथा कुरिलो प्रतिकिलो रु ६०० निर्धारण गरिएको छ ।

निगुरो प्रतिकेजी रु १२०, ब्रोकाउली प्रतिकिलो रु ५०, चुकुन्दर प्रतिकिलो रु ६०, सजीवन प्रतिकिलो रु २००, कोइरालो प्रतिकिलो रु १८०, रातो बन्दा प्रतिकिलो रु ५०, जिरीको साग प्रतिकिलो रु ७०, ग्याठकोभी प्रतिकिलो रु ७०, सेलरी प्रतिकिलो रु १५०, पार्सले प्रतिकिलो रु ३००, सौफको साग प्रतिकिलो रु ८०, पुदिना प्रतिकिलो रु ३००, गान्टे मूला प्रतिकिलो रु ७०, इमली प्रतिकिलो रु १७०, तामा प्रतिकिलो रु १००, तोफु प्रतिकिलो रु १२० र गुन्द्रुकको मूल्य प्रतिकिलो रु ३५० तोकेको छ ।

समितिले स्याउ (झोले) प्रतिकिलो रु २५०, स्याउ (फूजी) प्रतिकिलो रु ३५०, केरा (दर्जन) रु १६०, कागती प्रतिकिलो रु २७०, अनार प्रतिकिलो रु ३५०, अङ्गुर (हरियो) प्रतिकिलो रु २००, अङ्गुर (कालो) प्रतिकिलो रु २५०, भारतीय सुन्तला रु २५०, तरबुजा हरियो प्रतिकिलो रु ७०, मौसम प्रतिकिलो रु २००, जुनार प्रतिकिलो रु २००, भुइँकटहर प्रतिगोटा रु २००, काँक्रो (लोकल) प्रतिकिलो रु ६०, काँक्रो (हाइब्रिड) प्रतिकिलो रु ३५, रुख कटहर प्रतिकिलो रु १००, निबुवा प्रतिकिलो रु ५०, नासपाती (चाइनिज) प्रतिकिलो रु २६०, मेवा (नेपाली) प्रतिकिलो रु ५०, मेवा (भारतीय) प्रतिकिलो रु १२०, अम्बा प्रतिकिलो रु १२०, लप्सी प्रतिकिलो रु १३०, उखु प्रतिगोटा रु १००, स्ट्रबेरी (भुइँऐसेलु) रु २५०, किवी प्रतिकिलो रु ४५० तथा आभोकाडो प्रतिकिलो रु ६५०, अमलाको मूल्य प्रतिकिलो रु १०० निर्धारण गरिएको छ ।

यसैगरी, अदुवा प्रतिकिलो रु १२०, खुर्सानी सुकेको प्रतिकिलो रु ४००, खुर्सानी हरियो प्रतिकिलो रु ८०, खुर्सानी हरियो (बुलेट) प्रतिकिलो रु ८०, खुर्सानी हरियो (माछे) प्रतिकिलो रु १००, सुर्खानी हरियो (अकबरे) प्रतिकिलो २५०, भेडे खुर्सानी प्रतिकिलो रु १००, लसुन हरियो प्रतिकिलो रु ६०, हरियो धनिया प्रतिकिलो रु १००, लसुन सुकेको चाइनिज प्रतिकिलो रु ३२०, लसुन सुकेको नेपाली प्रतिकिलो रु ३००, छ्यापी सुकेको प्रतिकिलो रु १६०, छ्यापी हरियो प्रतिकिलो रु ६०, ताजा माछा (रहु) प्रतिकिलो रु ३२०, ताजा माछा (बचुवा) प्रतिकिलो रु २६०, ताजा माछा (छडी) प्रतिकिलो रु २४०, रुख टमाटर प्रतिकिलो रु १८०, राजा च्याउ प्रतिकिलो रु ३०० र सिताके च्याउको मूल्य प्रतिकिलो रु ८०० तोकेको छ ।रासस

# चालु आवको दोस्रो चौमासिकमा पाँच दशमलव एक प्रतिशत आर्थिक वृद्धिदर




काठमाण्डु । चालु आर्थिक वर्ष २०८१/८२ को दोस्रो त्रैमासिकमा पाँच दशमलव एक प्रतिशतको आर्थिक वृद्धि अनुमान हासिल भएको अनुमान गरिएको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले बुधबार चालु आवको दोस्रो त्रैमासिकको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) सार्वजनिक गर्दै यातायातलगायत केही क्षेत्रमा राम्रो सुधार देखिए पनि जिडिपीमा सामान्य वृद्धि हासिल भएको जनाएको हो । यद्यपि, यो मौसमी प्रभाव समायोजन नगरिएको वृद्धिदर हो । दोस्रो त्रैमासिकको मौसमी प्रभाव समायोजनपछिको जिडिपी वृद्धिदर भने दुई दशमलव दुई प्रतिशत रहेको कार्यालयले जनाएको छ ।

"दोस्रो त्रैमासिकमा अर्थतन्त्रको धनात्मक वृद्धि हुनुमा यातायात, निर्माण क्षेत्र, कृषि, विद्युत् उत्पादन तथा वितरणमा भएको वृद्धिसँगै वित्तीय मध्यस्थताको कुल मूल्य अभिवृद्धिमा भएको वृद्धि प्रमुख कारक रहेका छन्", कार्यालयले भनेको छ, "खासगरी यस अवधिमा शिक्षा, आवास तथा भोजन र अन्य सेवा क्षेत्रमा उल्लेख्य वृद्धि हुन नसकेकाले अर्थतन्त्रको वृद्धिदर सामान्य रहन गएको अनुमान रहेको छ ।"

मौसमी प्रभाव समायोजित तथ्याङ्कका आधारमा कुल १८ ओटा औद्योगिक क्षेत्रमध्ये दुईओटामा ऋणात्मक वृद्धिको अनुमान गरिएको छ । विद्युत् तथा ग्यास क्षेत्रमा चार दशमलव आठ प्रतिशत र आवास तथा भोजन क्षेत्रमा दुई दशमलव सात प्रतिशतको ऋणात्मक वृद्धि देखिएको छ ।मौसमी प्रभाव समायोजन नगरिएको तथ्याङ्कअनुसार यातायात तथा भण्डारणसँग सम्बन्धित क्रियाकलापको सबैभन्दा धेरै १४ दशमलव दुई प्रतिशत वृद्धिदर रहेको छभने खानी तथा उत्खनन क्षेत्र नौ दशमलव पाँच प्रतिशत वृद्धिदरसहित दोस्रो धेरै वृद्धि हुने औद्योगिक क्षेत्र रहेको छ ।

यसैगरी, निर्माण सामग्रीहरूको आयात तथा घरेलु उत्पादनको वृद्धिसँगै निर्माण क्षेत्रको कुल मूल्य अभिवृद्धि वृद्धिदर नौ दशमलव एक प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ । उत्पादनमूलक उद्योगको वृद्धिदर सात दशमलव चार प्रतिशत र निक्षेप तथा कर्जामा भएको वृद्धिका कारण वित्तीय तथा बिमा क्षेत्रको मूल्य अभिवृद्धि वृद्धिदर छ दशमलव छ प्रतिशत हुने अनुमान गरिएको छ । व्यापार क्षेत्रको वृद्धिदर छ दशमलव एक र सूचना तथा प्रविधि क्षेत्रको वृद्धिदर चार दशमलव नौ प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ ।

मुलुकको अर्थतन्त्रमा सबैभन्दा धेरै योगदान पुऱ्याउने कृषि क्षेत्रको वृद्धिदर तीन दशमलव दुई प्रतिशत मात्र हुने प्रारम्भिक अनुमान गरिएको छ । "धानको उत्पादनमा भएको वृद्धिका साथै तरकारी, अमिलो जातको फलफूल तथा हिउँदे फलफूल र पशुपक्षीजन्य उत्पादनमा भएको वृद्धिले यस क्षेत्रको कुल मूल्य अभिवृद्धिमा सकारात्मक प्रभाव परेको देखिन्छ", सार्वजनिक विवरणमा भनिएको छ । अर्थतन्त्रको दोस्रो ठूलो क्षेत्रका रूपमा रहेको थोक तथा खुद्रा व्यापार क्षेत्रमा स्वदेशी उत्पादनमा भएको वृद्धि तथा प्रमुख व्यापारजन्य वस्तुको आयातमा भएको वृद्धिका कारण केही विस्तार देखिएको जनाइएको छ ।

यस्तै, औद्योगिक वस्तुको उत्पादनमा क्रमिक सुधार आएका कारण उत्पादनमूलक उद्योग क्षेत्रको वृद्धिमा उल्लेख्य सुधार हुन गएको प्रारम्भिक अनुमान छ । दोस्रो त्रैमासिकमा सार्वजनिक प्रशासन तथा रक्षा दुई दशमलव दुई, स्वास्थ्य तीन दशमलव एक, घरजग्गा कारोबार तीन दशमलव एक प्रतिशतले बढ्ने अनुमान गरिएको छ ।रासस

# नवलपरासीमा आल्मुनियम रड उत्पादन गर्ने उद्योग सञ्चालन

नवलपरासी । पश्चिम नवलपरासीको रामग्राम नगरपालिका-१६ हकुईमा आल्मुनियम रड उत्पादन उद्योग सञ्चालनमा आएको छ । लिट्मस इन्डस्ट्रिज लिमिटेडले बुधबार एक कार्यक्रम आयोजना गरी नेपालमा पहिलो पटक आल्मुनियम रड उत्पादनको




औपचारिक सुरुवात गरेको हो ।

कार्यक्रमलाई उद्घाटन गर्दै उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव कृष्णबहादुर राउतले स्वादेशी उत्पादनको प्रयोग बढाउन नीतिगत व्यवस्था गर्नुपर्नेमा जोड दिँदै यसका लागि तीनै तहको सरकार योजनाबद्ध रूपमा अघि बढ्नुपर्ने धारणा राख्नुभयो । उद्योगलाई प्रभावकारी रूपमा सञ्चालन गरेमा स्थानीयस्तरमा रोजगारीका अवसर सृजना हुनुका साथै आर्थिक समृद्धि हासिल गर्न सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

तीनै तहका सरकारबीच सहकार्य र समन्वय आवश्यक पर्ने बताउँदै राउतले यसका लागि रचनात्मक र सृजनात्मक कार्यक्रममार्फत अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो । स्वादेशी उत्पदानको क्षमता बढाउन विभिन्न नीतिलाई अगाडि सारिएको जनाउँदै उहाँले यो उद्योगले नेपाली बजारमा हुने आल्मुनियम आयात प्रतिस्थापन तथा न्यूनीकरण गर्दै स्वदेशी उत्पादनमा आत्मनिर्भर र समुन्नत बनाउने विश्वास व्यक्त गर्नुभयो ।

हाल नेपालमा तार, केबललगायत निर्माणमा प्रयोग हुने आल्मुनियम रड आयातमार्फत आपूर्ति हुँदै आएको उद्योगका प्रबन्ध निर्देशक रोहित गुप्ताले बताउनुभयो । उहाँका अनुसार रु चार अर्बमा सञ्चालित यस उद्योगले आल्मुनियम रडको आयात परनिर्भरतालाई घटाउनुका साथै देशभित्र उच्च गुणस्तरीय रड निर्माण हुनेछ ।

देशभित्र आल्मुनियम रडको खपत क्षमता आठ हजार टन रहेको बताउँदै गुप्ताले यस उद्योलगे २० हजार टन उत्पदान गर्ने लक्ष्य लिएको जानकारी दिनुभयो । नेपालसहित भारत र तेस्रो मुलुकसम्म रड निर्यात गर्ने लक्ष्य लिइएको उहाँले जानकारी दिनुभयो । रासस


## भुमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट

## नामसारी सम्बन्धी हकदाबी बारे ३५ दिने सार्वजनिक सूचना

रौतहट साविक गाविस लक्ष्मिपुर वेलविछवा वडा नं.-१ हाल राजदेवी न.पा.-८ मा बस्ने विशेसर साह कानुको नाति नथुनी साह कानुको छोरा नागेन्द्र साह कानुले आफ्नो बुवा नाता पर्ने नथुनी साह कानुको नाममा दर्ता रहेको तपसिलको जग्गाको नामसारी माँग गरेकोमा मोठ कायम रहि रोक्का नदेखिएको भनि मोठ फाँटवाट लेखिआएको,वतनमा लक्षमिपुर वेलिवछवा मात्र उल्लेख रहेको तिनपुस्ते वतन समेत नरहको भई मोठ फाँटवाट लेखि आएकोमा मिती २०८१/१२/१२ को आदेशा बमोजिम सोको हकदाबी बारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, असर पर्ने भए वा नामसारी हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम नामसारी भैं जाने छ ।

| जिल्ला | गाविस | वडा न. | कि.न. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | लक्ष्मिपुर बेलविधवा | ६ | २६ | ०-१-७ | नथुनी साह कानु लक्ष्मिपुर बेलविछवा |
| रौतहट | लक्ष्मिपुर बेलविधवा | ६ | ५७ | ०-१-१३ | नथुनी साह कानु लक्ष्मिपुर बेलविछवा |
| रौतहट | लक्ष्मिपुर बेलविधवा | ६ | १०८ | ०-२-८ | नथुनी साह कानु लक्ष्मिपुर बेलविछवा |
| रौतहट | लक्ष्मिपुर बेलविधवा | ६ | १६२ | ०-२-८ | नथुनी साह कानु लक्ष्मिपुर बेलविछवा |
| रौतहट | लक्ष्मिपुर बेलविधवा | ६ | २४२ | ०-२-२ | नथुनी साह कानु लक्ष्मिपुर बेलविछवा |
| रौतहट | लक्ष्मिपुर बेलविधवा | ६ | ३१ | ०-४-१५ | नथुनी साह कानु लक्ष्मिपुर बेलविछवा |
| रौतहट | मुडवलवा | ७ | १९७ | ०-३-१५ | नथुनी साह कानु बेलविछवा |

## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

अजबधारी लाल दासको बुहारी कमलाकान्त दासको पत्नी जिल्ला धनुषा जनकपुरधाम उ.म.न.पा. वडा नं. ११ मा बस्ने वर्ष ८० की मनिका देवी कर्ण-१ र रामकृष्ण दासको नाती अजबधारी लालको छोरा ऐ.ऐ. बस्ने वर्ष ७१ को विजय कुमार लाल कर्ण-१ र समेत २ जनाले तपसिलमा उल्लिखित जग्गा मेरो पति/दाजु नाताको कमलाकान्त दासको नामको साबिक लगत दर्ता भिडाई कमलाकान्त दासका नामबाट हाम्रो नाममा नामसारी दर्ता गरी पाऊँ भनि द.नं. ६४० द.नं. ६७३ मिति २०८१/४/१४ को निवेदनबाट माग दाबी गरेकोले माग दाबी बमोजिम निवेदकहरुका नाममा नामसारी दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए वा सरकारी सार्वजनिक सम्पत्तिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दावी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

तपसिल

| सर्वे नापी अनुसार | | | | | शहरी नापी अनुसार | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | क्षेत्र | वडा नं. | कि. नं. | क्षेत्रफल | क्षेत्र | वडा नं. | सिट नं. | कि. नं. | क्षेत्रफल |
| धनुषा | सोहनी मुजेलिया | १ | २३४ | ०-५-१३-० | जनकपुर न.पा. | १४ | १२७६-११ | ३२ | ०-३-३-० |
| धनुषा | सोहनी मुजेलिया | २ | १३५ | ०-१-१६-० | जनकपुर न.पा. | १४ | १२७६-१६ | ४ | ०-२-१२-२ |
| धनुषा | सोहनी मुजेलिया | ४क | १५४ | ०-२-१४-० | जनकपुर न.पा. | १४ | १२७६-०१ | २६ | ०-१-१०-३ |
| धनुषा | सोहनी मुजेलिया | ६क | ८३ | ०-२-१ हालसम्म कायम | जनकपुर न.पा. | १३ | १२३५-१२ | ४० | ०-१-०-२ |
| धनुषा | सोहनी मुजेलिया | ६क | २४७ | ०-७-० हालसम्म कायम | जनकपुर न.पा. | १४ | १२३५-१७ | १ | ०-०-१-० |
| धनुषा | सोहनी मुजेलिया | ८ | २८७ | ०-४-६ हालसम्म कायम | | | | | |

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय रमानन्द चौक, धनुषाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८१/१२/१५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

**१.** धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. १४ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार (श्री ५ को सरकार), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय जनकपुरधाम, धनुषामा मिति २०६३ साल कार्तिक महिना २४ गते रोज ६ मा प्रा.फ.र.नं. १७०/१३२/०६३/०६४, स्थानिय व्यापार तथा आन्तरिक राजश्व कार्यालय, जनकपुरमा मिति २०६३/०७/२६ मा स्थायी लेखा नम्बर (PAN) ३०२३६०४४६ अन्तर्गत दर्ता कायम भएको **राहुल सप्लायर्स** ।
**प्रोप्राईटर : भोला यादव**

**२.** सिताराम यादवको नाति, रामचन्द्र यादवको छोरा, धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. १४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १४ बस्ने **भोला यादव** (ना.प्र.नं. ३९६९४१२५, जारी मिति २०५३/०४/१८, जि.प्र.का. धनुषा) ।

**ऋणी (१) र (२) को लागी व्यक्तिगत जमानीकर्ताको विवरण**

१. रामचन्द्र यादवको बुहारी, भोला यादवको पत्नी, धनुषा जिल्ला, साविक जनकपुर न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १४ बस्ने **ननुवती कुमारी मण्डल** (ना.प्र.नं. १५३१२१३२, जारी मिति २०४९/०५/१८, जि.प्र.का. धनुषा) ।

२. रामचन्द्र यादवको नातिनी, भोला यादवको छोरी, धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १४ बस्ने **ज्योती यादव** (ना.प्र.नं. १७-०१-७८-१३६६४, जारी मिति २०७८/०१/०९, जि.प्र.का. धनुषा) ।

३. रामचन्द्र यादवको नाति, भोला यादवको छोरा, धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १४ बस्ने **राहुल यादव** (ना.प्र.नं. १७-०१-७८-१३६७२, जारी मिति २०७८/०९/०९, जि.प्र.का. धनुषा) ।

**ऋणी (१) को लागी व्यक्तिगत जमानीकर्ताको विवरण**

सिताराम यादवको नाति, रामचन्द्र यादवको छोरा, धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. १४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १४ बस्ने **भोला यादव** (ना.प्र.नं. ३९६९४१२५, जारी मिति २०५३/०४/१८, जि.प्र.का. धनुषा) ।

**धितोको विवरण**

१. राहुल सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivable) उपर हाईपोथिकेशन सुरक्षण ।

२. **ऋणी राहुल सप्लायर्स र भोला यादवको संयुक्त धितोबन्धकी कायम रहेको** भोला यादव (ना.प्र.नं. ३९६९४१२५, जारी मिति २०५३/०४/१८, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. १४ स्थित कि.नं. २३९, २४० र २४३ को क्षेत्रफल क्रमशः ०-१-४-३, ०-१-०-३ र ०-०-२-१ (विघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

Siddhartha Bank
शाखा कार्यालय : रमानन्द चौक, धनुषा
फोन नं. ०४१-५२७५५०
Website : www.siddharthabank.com

# कार्यान्वयन भएन वारुणयन्त्र खरिद गर्ने निर्णय

**टुडे समाचारदाता**

रौतहट । तीन वर्षअघि विपद् उद्धार तथा व्यवस्थापन समिति रौतहटले जिल्लाका सबै पालिकामा वारुणयन्त्र खरिद गर्न पहल गर्ने भनि गरेको निर्णय हालसम्म कार्यान्वयन हुन सकेको छैन ।

आगलागीबाट वर्षेनि जनधनको ठूलो क्षति हुँदा पनि रौतहटका पालिकाले आगो निभाउने यन्त्र खरिदमा बेवास्ता गरेपछि तत्कालीन प्रमुख जिल्ला अधिकारी धमेन्द्रकुमार मिश्रको अध्यक्षतामा बसेको बैठकले गरेको सो निर्णय हालसम्म कार्यान्वय हुन सकेको छैन ।




सो बैठकमा आगलागीको घटनाप्रति सर्वसाधारणमा सजगता अपनाउन चेतना अभिवृद्धि गर्ने, वारुणयन्त्र खरिदका लागि सबै पालिकालाई अनुरोध गर्ने, एउटा पालिकाले खरिद तथा सञ्चालन गर्न सक्षम नभए दुई वटा पालिकालाई मिलाएर खरिद गर्न पहल गर्ने, वारुणयन्त्र खरिद नहुञ्जेलसम्म पानी भरिएको ट्यांकर तयारी अवस्था राख्न सबै पालिकामा अनुरोध गर्ने निर्णय गरिएको थियो ।

१६ वटा नगरपालिका र दुई वटा गाउँपालिका रहेको सो जिल्लामा चन्द्रपुर र गौर नगरपालिकामा मात्र एक/एक वटा वारुण यन्त्र छ ।

जिल्लाको गरुडा नगरपालिकाले भने ट्रैक्टरमा ट्यांकर जडान गरी काम चलाउ यन्त्र सञ्चालनमा ल्याएको छ, जुन लामो दूरीका लागि उपयुक्त नभएको स्थानीयवासीको गुनासो छ । रौतहटको आवश्यकताअनुसार वारुणयन्त्र नभएपछि यहाँका नागरिकान सधैं आगलागीको त्रासमा भइरहने समाजसेवी एवम् शिक्षा प्रेमी बिन्दा सहनीले बताए ।

नेपाल रेडक्रस सोसाइटी रौतहटका सदस्य घनश्यामसुन्दर श्रेष्ठले आगलागी भइ हाल्यो भने मात्र दुई वटा वारुणयन्त्रले आगो नियन्त्रण गर्न हम्मे हम्मे पर्ने भन्दै चिन्ता व्यक्त गरे । उनले भने, 'एकै पटक विभिन्न स्थानमा वा धेरै घरमा आगलागी भइहाल्यो भने छिमेकी जिल्लाको सहयोग लिनु पर्ने बाध्यता छ । यस्तो अवस्थामा पनि पालिका प्रमुख र उपप्रमुख लाखौं मूल्य पर्ने विलासी गाडी खरिद गरी चढेका छन् तर वारुणयन्त्र खरिदतर्फ बेवास्ता नै गरेको देखिन्छ ।'

विपद् तथा उद्धार व्यवस्थापन समितिको सो निर्णय बमोजिम तीन वर्षअघि जिल्लाको गढीमाई र वृन्दावन नगरपालिकाले संयुक्तरूपमा वारुणयन्त्र खरिद गर्ने सहमती गरेको तर विविध कारणले कार्यान्वयन भने हुन नसकेको गढीमाई नगरपालिकाका प्रमुख श्यामप्रसाद यादवले बताए । उनका अनुसार अहिले गरुडा, वृन्दावन र माधवनारायण नगरपालिका मिलेर खरिद गर्ने भनी सरसल्लाह भइरहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय विपद् व्यवस्थापन तथा पूर्व तयारीका लागि वारुणयन्त्र, एम्बुलेन्सलगायत अति आवश्यक सामग्री खरिद, व्यवस्थापन र सञ्चालन गर्न सकिने कानुनी अधिकार प्राप्त गरेपनि निर्वाचित जनप्रतिनिधिले त्यसतर्फ खासै चासो देखाएको पाइदैन । भर्खरै रौतहट आउनुभएका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्का जिल्ला प्रशासन कार्यालयको मिटिङमा स्थानीय तहका प्रमुखलाई आगलागी तथा डढेलो नियन्त्रण गर्न प्राथमिकताका साथ वारुणयन्त्र खरिद गर्ने निर्णय भएको स्वीकारे ।

# मुख्य सडक विस्तारको विरोधमा वीरगञ्ज बजार आधा दिन बन्द

सडक विस्तारअघि उचित मुआब्जा पाउनुपर्ने उनीहरुले माग गर्दै आएका छन् । सडक विस्तार रोक्नका लागि "वीरगञ्ज युवा तथा व्यापारी सडक पीडित संघर्ष समिति" नै गठन गरेर संघर्ष थालिएको छ ।




**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्ज महानगरपालिकाको मुख्य सडक २५-२५ मिटर विस्तारको विरोधमा उत्रिएका घरधनी र व्यवसायीले विरोधस्वरूप बिहीबार आधा दिन बजार बन्द गरेका छन् । वीरगञ्जमा बिहीबार बिहानदेखि मध्याह्न १२ बजेसम्म पसल बन्द गरेर उनीहरुले विरोध जनाएका हुन् ।

सडक विस्तारअघि उचित मुआब्जा पाउनुपर्ने उनीहरूले माग गर्दै आएका छन् । सडक विस्तार रोक्नका लागि 'वीरगञ्ज युवा तथा व्यापारी सडक पीडित संघर्ष समिति' नै गठन गरेर संघर्ष थालिएको छ ।

सो समिति साविकको वीरगञ्ज बचाउ संघर्ष समिति मातहतकै समिति रहेको समितिका संयोजक जवाहरप्रसाद गुप्ताले जानकारी दिए । उनले समितिले चरणबद्ध संघर्ष गर्ने बताए । सर्वोच्च अदालतको फैसलाको पूर्ण पाठ आउनुअघि नै सडक विस्तारको काम शुरु गर्नु गलत भएको आन्दोलनकारीको भनाइ छ ।

वीरगञ्ज-९ का वडाध्यक्ष समेत रहेका गुप्ताले मुख्य सडक २५-२५ मिटर विस्तार गर्दा वीरगन्जको इतिहास र सहरको अस्तित्व मेटिने खतरा रहेको बताए ।

वडाध्यक्ष गुप्ताले घरधनी र व्यवसायीलाई उचित मुआब्जा नदिई गरिने सडक विस्तारको काम स्वीकार्य नहुने पनि बताए । उनले आफूहरुको मागलाई सम्बोधन नगरिए चरणबद्ध आन्दोलन गर्न बाध्य हुने चेतावनी दिए ।

वीरगञ्जको मुख्य सडक विस्तारविरुद्ध घरधनीले दिएको रिट सर्वोच्च अदालतले फागुन २८ गते खारेज गरेको थियो । त्यसपछि सडक विभागले महानगर कार्यालयसँग समन्वय गरेर सडक फराकिलो गर्ने तयारी सुरु गरेको हो । विभागले महानगरसँग समन्वय गरी नापी कार्यालयमार्फत सडक सीमांकन प्रक्रिया अघि बढाएको जनाइएको छ ।

वीरगञ्ज बचाउ संघर्ष समितिले पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाउँदै मुख्य सडक विस्तारको काम रोक्न माग गरेको छ ।

# मन्त्री रायसँग दोस्रो पटक स्पष्टीकरण



**टुडे समाचारदाता**

मलंगवा । मधेश प्रदेशका श्रम तथा यातायात मन्त्री कौशल किशोर रायमाथि नेपाली काँग्रेसले पार्टीको मर्यादा र अनुशासन उल्लंघनको आरोप लगाएको छ ।

उनीमाथि अन्य विचारधाराका नेताहरूका कार्यक्रमहरूमा सक्रिय रूपमा सहभागिता जनाएर पार्टी र प्रमुख नेताहरूलाई अनावश्यक आरोप र गालीगलौज गर्ने गरेको आरोप छ । यसले पार्टीका आन्तरिक विवादलाई थप जटिल बनाएको र संगठनको एकता कमजोर बनाएको भन्दै आलोचना भएको छ ।

पार्टीका क्षेत्रीय कार्यसमितिले रायमाथि सर्लाही क्षेत्र नं. ४ बाट उजुरी प्राप्त गरेको जानकारी दिएको छ । सो उजुरीमा रायले पार्टीको मर्यादा र अनुशासनको उल्लंघन गर्दै बाह्य कार्यक्रमहरूमा भाग लिँदै आएको आरोप लगाइएको छ । पार्टीले रायलाई सात दिनभित्र लिखित जवाफ पेश गर्न निर्देशन दिएको थियो । तर उनको तर्फबाट कुनै जवाफ प्राप्त नभएको पार्टीका स्रोतले जनाएको छ ।

यसअघि पनि काँग्रेसको जिल्ला कार्यसमिति सर्लाहीले मन्त्री रायको कार्यशैलीमाथि विभिन्न आरोपसहितको प्रश्न उठाउँदै उनलाई सचेत गराएको थियो ।

पार्टीको अनुशासन समितिले दोस्रो पटक पनि पत्र पठाउँदै तीन दिनभित्र स्पष्टीकरण दिन निर्देशन दिएको छ ।

# अवैधानिक रुपमा सञ्चालित चिनियाँ भाषा कक्षा बन्द

**टुडे समाचारदाता**

रौतहट । रौतहटको चन्द्रपुरमा अवैधानिक रुपमा सञ्चालित चिनियाँ भाषा कक्षा बन्द गरिएको छ ।

करिब एक महिनादेखि पर्यटक भिसामा आएका चिनियाँहरुले चन्द्रनिगाहपुर क्षेत्रमा भाषा कक्षा सञ्चालनका लागि शंकास्पद गतिविधिसमेत गरेको भन्दै गुनासो आएपछि रौतहट प्रशासनले बन्द गराएको छ ।

चन्द्रपुरको वडा नम्बर १० र ६ मा भाषा कक्षा सञ्चालनमा रहेको थियो । बालचनपुर स्थित तेली समाज धर्मशाला, चन्द्रनिगाहपुर स्थित इभा खाजाघर र डाबरी जाने बाटोमा अनुमति नलिएर चार वटा कक्षा सञ्चालित गर्दै आएका थिए ।

सोको जानकारी स्थानीय प्रशासनले पाएपछि इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका डिएसपी राजकुमार राईले चिनियाँ पर्यटकलाई नियन्त्रणमा लिइ सोधपुछ गरी कक्षा बन्द गराएका थिए । उनीहरुले बुधबारबाट सबै कक्षा बन्द गराएको डिएसपी राईले बताए ।



चिनियाँ भाषाको कक्षा बन्द गराएपछि उनीहरुलाई चन्द्रनिगाहपुर छाड्न भनिएको थियो ।

बालचनपुरको तेली समाज धर्मशालाभित्र दैनिक करिब २ सय बालबलिकाहरु चिनियाँ भाषा पढिरहेको थियो । उनीहरुलाई चिनियाँ पर्यटक एलीनले कक्षा लिइ रहेकी थिइन् । पर्यटक भिसामा आएका उनीहरुसँग पढाउने अनुमति भने थिएन ।

निःशुल्क रुपमा भाषा कक्षा मात्र होइन, कक्षामा सहभागी बालबालिकाहरुलाई दैनिक प्रतिव्यक्ति ५० रुपैयाँ र शैक्षिक सामग्रीसमेत दिने गरेका थिए । भाषा कक्षामा सक्रिय विद्यार्थीलाई साइकल उपहारसमेत दिइएको जनाइएको छ ।

उपहार र दैनिक कक्षामा सहभागी भए वापत रुपैयाँ पाउने भएपछि स्थानीय बालबालिका विद्यालय विदा हुनेबित्तिकै भाषा कक्षामा जाने गरेका थिए ।

भविष्यमा अध्ययनका लागि नेपाली विद्यार्थीहरुलाई चाइना जान सहज हुने भन्दै आफूहरुले भाषा सिकाएको एलीनको दाबी छ ।

# कक्षा ८ को परीक्षा समय परिवर्तन

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाले शुक्रबारका लागि निर्धारण गरिएको कक्षा ८ को परीक्षा समय परिवर्तन गरी दिउँसो डेढ बजे हुने छ ।




जनकपुरधाम उपमहानगरपालिकाले मुस्लिम समुदायको रमजान महिनाको अन्तिम शुक्रबार यस महिनाको अन्तिम 'जुम्मा' परेको भन्दै कक्षा ८ को परीक्षाको समय परिवर्तन गर्ने निर्णय गरिएको जनाइएको ।

यसअघि दिउँसो १:३० बजे सञ्चालन हुँदै आएको परीक्षा अब २:३० बजे सञ्चालन हुने तय गरिएको छ ।

उपमहानगरपालिकाले बिहीबार सूचना प्रकाशित गर्दै उपमहानगरपालिकाले मुस्लिम समुदायका विद्यार्थीहरू सामूहिक नमाज अदा गरी यो दिनलाई 'सानो ईद'का रूपमा मनाउने भएकाले परीक्षा समय परिमार्जन गरिएको जनाएको छ । उपमहानगरपालिकाका परीक्षा समिति सचिव धीरेन्द्र लाल कर्णले जनाएअनुसार मुस्लिम समुदायका विद्यार्थीहरूका तर्फबाट परीक्षा समय २:२० पछि सार्न अनुरोध गरिएको थियो । सो अनुरोधलाई आधारभूत तह परीक्षा समितिबाट अनुमोदन गरी परीक्षा समय २:३० बजे तोकिएको छ ।

# अवैध सेतो अण्डा नष्ट



**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सतीशकुमार सिंहले अवैधाधिक रुपमा नेपाल-भारत सीमावर्ती क्षेत्र हुँदै भित्रिने अण्डा, चल्ला, तयारी कुखुरा, कुखुराको मासु, क्यारेट, कार्टुन र भ्याक्सिनको ओसारपसार नियन्त्रण गर्न मधेश प्रदेशस्थित उच्चपदस्थ सुरक्षा अधिकारीलाई निर्देशन दिएयता सशस्त्र प्रहरी बलले सेतो अण्डा बरामद तथा नष्ट गर्ने क्रमलाई तीव्र बनाएको छ ।

सशस्त्र प्रहरी बलले प्रदेशको आठवटै जिल्लामा दैनिकजसो सेतो अण्डा बरामद गरी नष्ट गर्ने गरेको सशस्त्र प्रहरी बल मधेश प्रदेश छिन्नमस्ता बाहिनी नम्बर २ मुख्यालयका प्रमुख एवं सशस्त्र प्रहरी नायब (डिआइजी) महानिरीक्षक कालीदास धौवजीले जानकारी दिए । बुधबार सिरहाबाट २४ क्यारेट, सर्लाहीबट ३२ क्यारेट र रौतहटबाट ४० क्यारेट गरी ९६ क्यारेट सेतो अण्डा बरामद गरिएको छ ।

सशस्त्र डिआइजी धौवजीले सशस्त्र प्रहरी बलले नियमित रूपमा गर्दै आएको सेतो अण्डा ओसार पसार नियन्त्रण कार्यलाई अभियान नै चलाएको बताए ।

भारतबाट अवैध रूपमा भित्रिने त्यस्ता वस्तुका कारण व्यवसायमा समस्या भएको, भारतका विभिन्न प्रान्तमा देखापरेका बर्डफ्लु भित्रिने जोखिम उच्च रहेकाले पोल्ट्रीजन्य पदार्थको अवैध आयात नियन्त्रण गर्नुपर्ने भन्दै नेपाल लेयर्स कुखुरापालक संघले बुधबार मुख्यमन्त्री सिंहको ध्यानाकर्षणसमेत गराएको छ ।

# गर्भवती महिला तथा शिशुहरुको लागि विशेष राहत वितरण

**टुडे समाचारदाता**

रौतहट । रौतहटको इशनाथ नगरपालिकामा गर्भवती महिला तथा शिशुहरुको लागि विशेष राहत वितरण कार्यक्रम सुरु भएको छ । इशनाथ नगरपालिकाको कार्यालय औरैया सहकार्यमा तथा माण्डवी नेपालको सहयोगमा वन हटको लगानीमा सो राहत सामग्री वितरण गरिएको हो । राहत कार्यक्रमको मुख्य उद्देश्य बाढी, आगलागी र शीतलहरबाट प्रभावित गर्भवती महिला र शिशुहरुको स्वास्थ्य सेवामा सुधार ल्याउनु रहेको माण्डवी नेपालकी अध्यक्ष अन्जु झाले बताइन् ।रौतहट जिल्लामा प्रत्येक वर्ष प्राकृतिक विपत्तिको प्रभावले गर्भवती महिला र नवजात शिशुहरुको स्वास्थ्यमा गम्भीर असर परिरहेको छ । बाढी र शीतलहरका कारण स्वास्थ्य चौकीमा पुग्न नसक्ने अवस्था सिर्जना हुने गरेको छ भने आगलागीका घटनाले गर्भवती महिलाहरुको स्वास्थ्यमा गम्भीर चुनौती थपिने गरेको छ। यस अवस्थालाई मध्यनजर गर्दै इशनाथ नगरपालिकाले माण्डवी नेपाल र वन हटको सहयोगमा राहत कार्यक्रम संचालन गरेको हो ।



वितरण कार्यक्रमको सुरुवात इशनाथ नगरपालिकाका मेयर कौशल्या देवी सिन्हाले गरेका थिइन्। उनले कार्यक्रममा उपस्थित महिलाहरुलाई गर्भावस्थामा नियमित स्वास्थ्य जाँच गराउने, प्रसूति सेवा लिने र बच्चा जन्मिएपछि नियमित खोप लगाउने कुरामा विशेष जोड दिइन् । मेयर सिन्हाले भनिन् गर्भवती महिलाहरुले आफ्नो स्वास्थ्यप्रति विशेष ध्यान दिनु आवश्यक छ। नजिकको स्वास्थ्य चौकीमा गएर नियमित रूपमा जाँच गराउनुपर्छ। साथै बच्चा जन्मिएपछि खोप लगाउने कुरा अत्यन्त जरुरी छ।स्वास्थ्य सेवा सबैका लागि सहज र सरल हुनु आवश्यक छ। यसका लागि नगरपालिकाले निरन्तर प्रयास गरिरहेको छ। गर्भवती महिला र शिशुहरुको स्वास्थ्य सुधारका लागि सबै स्वास्थ्य चौकी र स्थानीय संघसंस्थासँग सहकार्य गरेर काम गरिनेछ ।राहत वितरण कार्यक्रम इशनाथ नगरपालिका वार्ड नं. ३ स्थित स्वास्थ्य चौकीमा गरिएको थियो। वडा नं. २ र ३ मा रहेका स्वास्थ्य केन्द्रहरुमा पनि राहत वितरण गरिएको छ। वितरणको क्रममा गर्भवती महिला तथा नवजात शिशुहरुकै लागि विशेष स्वास्थ्य सामग्री प्रदान गरिएको थियो। राहत सामग्रीमा स्वास्थ्यसम्बन्धी पोषणयुक्त खाद्य सामग्री, न्यानो कपडा, हाइजिन किट, प्रोटीन र भिटामिन सप्लिमेन्ट्स लगायतका सामग्री समावेश थिए । डाटाका अनुसार कुल ८ सय ६१ जना लाभार्थी गर्भवती महिला र शिशुहरुलाई राहत प्याकेज वितरण गरिएको थियो। प्रति जनाको राहत प्याकेज करिब १० हजार रुपैयाँ बराबरको रहेको माण्डवी नेपालकी अध्यक्ष अन्जु झाले जानकारी दिइन्। मेयर कौशल्या देवीले कार्यक्रममा गर्भवती महिला र शिशुहरुको स्वास्थ्यमा विशेष ध्यान दिन आग्रह गरिन् । उनले भनिन् गर्भवती महिलाहरुले स्वास्थ्य जाँच नगराउने र बच्चालाई खोप नलगाउने परम्परा अझै कायम छ। यसलाई हटाउनका लागि जनचेतना अत्यावश्यक छ। स्वास्थ्य चौकीमा सहज र सरल रूपमा सेवा लिन सकिने व्यवस्था गरिएको छ ।

मेयरले स्वास्थ्य सेवाबाट वञ्चित भएका महिलाहरुको अवस्थाप्रति गम्भीर चिन्ता व्यक्त गर्दै नियमित स्वास्थ्य जाँच र बालबालिकाको खोप कार्यक्रमलाई प्रभावकारी बनाउन नगरपालिकाले विशेष पहल गरिरहेको बताइन्। उनले कार्यक्रममा स्थानीय स्वास्थ्य चौकीका कर्मचारीहरु, स्वयंसेवक र अन्य संस्थाहरुको सक्रिय भूमिका प्रति आभार व्यक्त गरिन् । माण्डवी नेपालकी अध्यक्ष अन्जु झाले राहत वितरण कार्यक्रममा बोल्दै भनिन् यो कार्यक्रम मार्फत स्वास्थ्य सेवामा पहुँच नपाएका गर्भवती महिला र शिशुहरुलाई राहत दिन प्रयास गरिएको छ। स्वास्थ्य सेवा सबैका लागि समान पहुँचमा पुग्नुपर्छ। यसका लागि माण्डवी नेपालले निरन्तर काम गरिरहेको छ।हामीले कार्यक्रमलाई सफल बनाउन स्वास्थ्य चौकीका कर्मचारीहरु, स्वयंसेवकहरु र स्थानीय निकायसँग सहकार्य गरेका छौं। भविष्यमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने योजना बनाएका छौं ।

राहत पाएका गर्भवती महिलाहरुले कार्यक्रमप्रति खुशी व्यक्त गरे। उनीहरुले राहत प्याकेज पाउँदा आफ्नो गर्भावस्थामा आवश्यक सामग्री जुटाउन सहज भएको प्रतिक्रिया दिए। राहत सामग्रीमा समावेश न्यानो कपडा र स्वास्थ्य पोषण सामग्रीका कारण गर्भावस्थामा स्वास्थ्य सुधारमा सहयोग पुग्ने आशा व्यक्त गरे । राहत कार्यक्रमले गर्भावस्थामा हाम्रो लागि ठूलो राहत दिएको छ । स्वास्थ्य चौकीमा जान सहज भएको छ र नियमित स्वास्थ्य जाँच गराउने प्रेरणा पनि मिलेको छ । राहत वितरण कार्यक्रममा मेयरका स्कीय सचिव प्रमोद यादव, स्थानीय पत्रकार किशोरी यादव, समाजसेवी तथा स्वास्थ्य चौकीका प्रमुखहरुको उपस्थिति रहेको थियो। मेयर कौशल्या देवी सिन्हाले स्वास्थ्य चौकीका कर्मचारीहरुलाई राहत वितरण कार्यक्रममा पुर्याएको योगदानका लागि धन्यवाद दिइन् ।

नागरिकले पाउने सामाजिक सुरक्षा भत्ताहरु

- जेष्ठ नागरिक भत्ता,
- अन्य जेष्ठ नागरिक भत्ता,
- एकल महिला भत्ता,
- विधवा भत्ता,
- पूर्ण अपाङ्गता भत्ता,
- अति अशक्त अपाङ्गता भत्ता,
- बाल पोषण भत्ता,
- लोपन्मुख जाति भत्ता ।

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न आफ्नो स्थानीय तहमा सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८